# गण्डकी प्रदेश सभा

## प्रदेश मामिला तथा कानून समिति

## पोखरा, नेपाल




# वार्षिक प्रतिवेदन २०८२

(२०८० श्रावणदेखि २०८२ वैशाखसम्म )

**गण्डकी प्रदेश सभा सचिवालय**

नदिपुर, पोखरा

# मन्तव्य

**माननीय सभामुख महोदय,**

गण्डकी प्रदेश सभाको कार्यप्रणालीलाई सुदृढिकरण गर्न, प्रदेश सरकारलाई थप जवाफदेही र उत्तरदायी बनाउन तथा सुशासन प्रवर्द्धन गर्नका निम्ति, यस सम्मानित सभाबाट गठित विशेष समितिले आफ्नो कार्य सम्पन्न गरेको छ। विगतमा प्रदेश सभा नियमावली, २०८० को नियम १५२ बमोजिम गठित यस समितिमा हाल १३ जना माननीय सदस्यहरू सक्रिय रूपमा संलग्न छन्।

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५३ बमोजिम, समितिको कार्यक्षेत्रभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, आन्तरिक मामिला, कानून तथा न्याय, सुशासन, मानव अधिकार, अन्तर प्रदेश एवं स्थानीय तहसँगको अन्तर सम्बन्ध, आमसञ्चार सम्बन्धी विषय तथा सम्पूर्ण सरोकारवाला निकायहरूसँगको समन्वय रहने व्यवस्था स्थापित गरिएको छ। समितिले आफ्ना निर्धारित कार्यहरू अत्यन्त सक्रियताका साथ सम्पन्न गरेको छ। यस क्रममा, हालसम्म २६ वटा बृहत् बैठकहरू आयोजना गरिएको छ। यी बैठकहरूमार्फत प्रदेश सरोकारका विभिन्न विषयहरूमा मन्त्रालय र मातहतका निकायहरूका अतिरिक्त सम्बन्धित विशेषज्ञहरू तथा सरोकारवालाहरूलाई आमन्त्रण गरी गहन छलफल र अन्तर्क्रिया गरिएको छ।

समितिले गम्भीरतापूर्वक विश्लेषण गर्दै, छलफलका क्रममा प्रदेश स्तरीय कानून कार्यान्वयनको वर्तमान अवस्था, सम्बन्धित निकायहरूले सञ्चालन गरेका योजनाहरू, आगामी वर्षभरि सञ्चालन गरिने योजनाहरू, सङ्गठन संरचना, कार्यसम्पादनका क्रममा भोगिएका चुनौतीपूर्ण समस्याहरू र आगामी दिनमा निवारणका रणनीतिहरू लगायतका विषयमा विस्तृत रूपमा छलफल गरी अत्यन्त महत्त्वपूर्ण सुझाव तथा दिशा निर्देश प्रदान गरेको छ। साथै, समितिका बैठकहरूमा कार्यक्षेत्र अन्तर्गतका निकायहरूको कार्य प्रगति तथा उनीहरूले सामना गरेका जटिल समस्याहरूबारे पनि सारगर्भित छलफल गरिएको थियो। सम्बन्धित निकायहरूलाई अझ बढी प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि आवश्यक मार्गदर्शन र परिमार्जनका सुझावहरूसहित यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

कानून, नीति तथा योजना र कार्यक्रमहरूको सुव्यवस्थित तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि मन्त्रालय तथा सम्बन्धित सरोकारवाला निकायहरूसँग गहन छलफल र विमर्श गरिएको छ। यसका अतिरिक्त, दैनिक तथा आकस्मिक रूपमा उत्पन्न हुने व्यवहारिक समस्याहरू, जनताको प्रत्यक्ष सरोकारका विषयहरू, एवं समसामयिक मुद्दाहरूमा समेत समितिको क्षेत्राधिकारभित्र रहेर विस्तृत अध्ययन तथा विवेचना गरिएको छ। छलफलका क्रममा प्राविधिक

पक्षमाथि विशेष जोड दिई आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरी समस्याको मूल जड पत्ता लगाउने र दीर्घकालीन समाधानहरू प्रस्तुत गर्ने कार्य सम्पन्न भएको छ।

**माननीय सभामुख महोदय,**

समितिको कार्यक्षेत्र भित्रका कार्यहरूको सूक्ष्म अध्ययन र प्रभावकारी अनुगमन गर्ने क्रममा, समितिले विवेकपूर्ण निर्देशन तथा सुशासनको सिद्धान्त अवलम्बन गर्दै, जनप्रतिनिधिमूलक निकायको संवेदनशीलता एवं उत्तरदायित्वलाई अग्रस्थानमा राखेर कार्य गरेको छ। यसले विगतमा देखिएका प्रशासनिक जटिलताहरूलाई सम्बोधन गर्न र प्रजातन्त्रिक मूल्यमान्यतालाई सुदृढ पार्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

अन्तमा, समितिको सफल कार्यान्वयनमा पुऱ्याइएको अभूतपूर्व सहयोगका लागि माननीय सभामुख, माननीय मुख्यमन्त्री, माननीय मन्त्रीज्यूहरू, समितिका माननीय सदस्यज्यूहरू, संवैधानिक निकायका पदाधिकारीहरू, प्रदेश सरकारका सचिवज्यूहरू, लगायत मन्त्रालय र मातहत निकायका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूप्रति समिति हार्दिक आभार व्यक्त गर्दछ।

यस समितिको काममा असाधारण समन्वय र सहयोग पुऱ्याउनुहुने गण्डकी प्रदेश सभा सचिवालयका प्रदेश सभा सचिव एवम् प्रतिवेदन तयारीमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, विषय विशेषज्ञ तथा आम सञ्चारकर्मीहरू, विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरूप्रति समेत समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५८ को उपनियम १० मा समितिको वार्षिक प्रतिवेदन पेश गर्ने व्यवस्था भए बमोजिम समितिले तयार गरेको वार्षिक प्रतिवेदन, २०८२ माननीय सभामुखज्यू मार्फत सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

धन्यवाद ।

२०८२ साल आषाढ ५ गते बिहिबार

.....................................

सभापति

प्रदेश मामिला तथा कानून समिति

## विषयसूची

१.१ समितिको परिचय....................१
१.२. समितिको कार्यक्षेत्र....................२
१.३. समितिको काम, कर्तव्य र अधिकार....................२
१.४. प्रदेश मामिला तथा कानून समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली....................४
१.५. समिति सचिवालय....................५
परिच्छेद दुई समितिले हालसम्म सम्पन्न गरेका मुख्य-मुख्य गतिविधि....................६
२.१. गतिविधि सारांश....................६
२.२. प्रदेश मामिला तथा कानूनसमितिको कार्यविधि,२०८० निर्माण....................६
२.३. गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल तथा प्रतिवेदन पेश....................७
२.४. समिति/उपसमितिमा हाल सम्मका बैठक सम्बन्धी विवरण....................७
२.५ समितिमा माननीय सदस्यको उपस्थिति विवरण....................२७
२.६ उप-समितिमा माननीय सदस्यहरु र बैठक मिति....................२८
अनुसूचीहरु....................२९
अनुसूचि- १....................२९
प्रदेश मामिला तथा कानून समितिको कार्यविधि, २०८०....................२९
अनुसुचि- २....................४०
गण्डकी प्रदेश सभा....................४०
प्रदेश मामिला तथा कानून समिति....................४०
अनुसूची- ३....................४७
गण्डकी प्रदेश सभा....................४७
प्रदेश मामिला तथा कानून समिति....................४७
अनुसूची -४....................६८

लोक सेवा आयोग गण्डकी प्रदेशको वार्षिक प्रतिवेदन ........................................ ६८
अनुसूचि-५ ........................................................................................ ७३
गण्डकी प्रदेश सभा........................................................................... ७३
प्रदेश मामिला तथा कानून समिति.......................................................... ७३
अनुसूची ६ ......................................................................................... ७७
प्रदेश मामिला तथा कानून समितिको काम कर्तव्य अधिकार ............................ ७७
अनुसुची ७ ......................................................................................... ७९
समितिका पदाधिकारीहरु ...................................................................... ७९
अनुसुची ८ ......................................................................................... ८०
२०८१।१२।२६ गते पुनर्गठित समितिका पदाधिकारीहरु................................. ८०
अनुसुची - ९........................................................................................ ८१
समितिका कर्मचारीहरु .......................................................................... ८१
अनुसुची- १० ...................................................................................... ८२
समितिको बैठक तथा अनुगमन कार्यक्रमहरुको केही झलकहरु.......................... ८२

# परिच्छेद एक
# परिचय

## १.१ समितिको परिचय

संघीयताको मर्म अनुरुप नागरिकले आफ्नो मताधिकारको प्रयोग मार्फत जनप्रतिनिधि चुनि उक्त निर्वाचित जनप्रतिनिधिबाट शासन सञ्चालन गर्ने संरचनाको स्वरूप नै प्रदेश सभा हो । प्रदेश सरकार निर्माण गर्ने, सरकारलाई उत्तरदायी र जवाफदेही बनाउने, विधिपूर्वक शासन सञ्चालनका लागि कानून निर्माण गर्ने, सरकारको काम कारबाहीको अनुगमन मूल्याङ्कन गर्ने, प्रदेशको बजेट पारित गर्ने लगायतका कामहरु प्रदेश सभाबाट हुने गर्दछन् । प्रदेश सभाले नीति निर्माणका अलावा कानूनको प्रभावकारी कार्यान्वयन भयो वा भएन भनेर नियमन र जाँचबुझ समेत गर्दछ । सरकारको कार्यलाई जनभावना अनुकुल बनाउनमा प्रदेश सभाको भूमिका महत्वपूर्ण हुन्छ ।

संसदीय अभ्यासको एक महत्त्वपूर्ण विशेषता संसदीय समितिहरूको व्यवस्था हो। नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रदेश सभा नियमावली, २०८० को नियम १५३ को व्यवस्था अनुसार प्रदेश सभाले  विभिन्न चार विषयगत समितिको गठन गरेको छ । यी विषयगत समिति मध्ये प्रदेश मामिला तथा कानून समिति एक महत्वपूर्ण समिति रहेको छ । नियमावलीको व्यवस्था अनुसार नै मिति २०८० साल साउन ३० गते गठन भई गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानून समितिले आफ्नो कार्यक्षेत्र अनुसारका कामकारवाही निरन्तर सम्पादन गर्दै आएको छ ।

राज्य पुनर्संरचनामा गएसँगै नेपालको संविधानले प्रत्येक प्रदेशमा एक प्रदेश सभा रहने तथा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५५ अनुसार सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभाको सहमति लिई नियम १५३ बमोजिम प्रत्येक समितिमा पदेन सदस्य सहित वढीमा १५ सदस्य रहने गरी समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ । नियमावलीको सोही व्यवस्था अनुसार हाल १३ सदस्य रहने गरी प्रदेश मामिला तथा कानून समिति गठन भएको छ ।

## १.२. समितिको कार्यक्षेत्र

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५३ अनुसार प्रदेश मामिला तथा कानून समितिको कार्यक्षेत्र भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, आन्तरिक मामिला, कानून तथा न्याय, सुशासन, मानव अधिकार, अन्तर प्रदेश एवं स्थानीय तहसँगको अन्तर सम्बन्ध, आमसञ्चार सम्बन्धी विषय र सम्बद्ध विषय तथा निकायहरु रहने व्यवस्था रहेको छ ।

## १.३. समितिको काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५८ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेको छ ।

(क) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने,

(ख) विधेयकको दफावार छलफल गर्ने क्रममा सो सँग सम्बन्धित सरोकारवाला वा विषय विज्ञसँग छलफल र अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने,

(ग) प्रदेशभित्र शासन व्यवस्था, सुशासनको अवस्था, आमसञ्चार, मानव अधिकारको अवस्थाको बारेमा विभिन्न मन्त्रालय,आयोग र निकायलाई आवश्यक निर्देशन दिने,

(घ) प्रदेश भित्र कानून, न्याय, शान्ति सुरक्षा, सुव्यवस्था, प्रदेश निजामती सेवा, प्रदेश प्रहरी व्यवस्थापन, प्रदेश कानुन कार्यान्वयनको अवस्था र अन्तर प्रदेश तथा स्थानीय तहसगँको अन्तरसम्बन्ध बारेमा सम्बन्धित मन्त्रालय, निकाय वा आयोगसँग छलफल गरी आवश्यक राय परामर्श र निर्देशन दिने,

(ङ) प्रदेश भित्र विपद व्यवस्थापनको लागि पूर्व तयारी र विपद भईसकेपछिको अवस्था बारेमा सम्बन्धित निकायसँग छलफल गरी आवश्यक निर्देशन दिने,

(च) मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन तथा व्यवस्थापनको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

(छ) सम्बन्धित मन्त्रालयको मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वाशनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

(ज) गण्डकी प्रदेश सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत प्रदेश सरकारले बनाउनु पर्ने नियम बनाएको छ वा छैन, बनाएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मुल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(झ) गण्डकी प्रदेश सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग,समिति र जाँचबुझ आयोग, प्रादेशिक आयोग तथा प्रतिष्ठानसँग सम्बन्धित विषय र प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(ञ) मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ट) समितिले आफ्नो कार्यक्षेत्रभित्र पर्ने कानून कार्यान्वयनको अवस्था सम्बन्धमा कानून निर्माण भएको तीन वर्ष अवधि पुगेका कानूनको अध्ययन गरी राय सहितको प्रतिवेदन सभामा पेश गर्ने, यसरी समितिले कानून कार्यान्वयनको अध्ययन गर्दा आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय र अन्तर्गतका निकायबाट कानून कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन माग गर्ने,

(ठ) समितिको कार्यक्षेत्र अन्तर्गतका संवैधानिक आयोगका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन दिने, वार्षिक प्रतिवेदन माथि छलफल गरी सुझाव दिने,

(ड) समितिले सरोकारवाला व्यक्ति, संस्था र हित समूह आदिबाट प्राप्त उजुरी, निवेदन तथा गुनासा लगायत समितिको कार्यक्षेत्रमा पर्ने जनसरोकारका विषयमा छलफल गरी आवश्यक निर्देशन दिने, यसरी समितिले छलफल गर्दा आवश्यक ठानेमा निवेदक, उजूरीकर्ता र सूचकलाई बैठकमा आमन्त्रण गर्न सक्ने,

(ढ) समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी पूरा गर्न आवश्यक कार्ययोजना र कार्यतालिका बनाई लागू गर्ने,

(ण) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

(त) बैठकले सुम्पेको अन्य काम गर्ने ।

## १.४. प्रदेश मामिला तथा कानून समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | नाम, थर | पदाधिकार | सम्बद्ध दल |
|---|---|---|---|
| १ | माननीय चम्पादेवी खड्का | सभापति | नेपाली काँग्रेस |
| २ | माननीय कुसुम बुढा पुन | सदस्य | नेकपा( माओबादी केन्द्र) |
| ३ | माननीय गोबिन्द बहादुर नेपाली | सदस्य | नेकपा (एमाले) |
| ४ | माननीय देवका पाहारी त्रिपाठी | सदस्य | नेकपा (एमाले) |
| ५ | माननीय नन्द प्रसाद न्यौपाने | सदस्य | नेपाली काँग्रेस |
| ६ | माननीय बिकल शेरचन | सदस्य | नेपाली कांग्रेस |
| ७ | माननीय भेष बहादुर पौडेल | सदस्य | नेपाली काँग्रेस |
| ८ | माननीय मुनिन्द्र जंग गुरुङ | सदस्य | नेपाली कांग्रेस |
| ९ | माननीय मित्रलाल बस्याल | सदस्य | नेकपा (एमाले) |
| १० | माननीय यशोदा रिमाल | सदस्य | नेकपा (एमाले) |
| ११ | माननीय रेखा गुरुङ | सदस्य | नेपाली काँग्रेस |
| १२ | माननीय रोशन बहादुर गाहा | सदस्य | नेकपा (एमाले) |
| १३ | माननीय सुरेन्द्रराज पाण्डे | पदेन सदस्य | मुख्यमन्त्री |

## मिति २०८१/१२/२६मा पुर्नगठित समिति

| क्र.सं. | नाम, थर | पदाधिकार | सम्बद्ध दल |
|---|---|---|---|
| १ | माननीय चम्पादेवी खड्का | सभापति | नेपाली काँग्रेस |
| २ | माननीय कुसुम बुढा पुन | सदस्य | नेकपा (माओबादी केन्द्र) |
| ३ | माननीय खगराज अधिकारी | सदस्य | नेकपा (एमाले) |
| ४ | माननीय डिल्लीराम सुबेदी | सदस्य | नेपाली काँग्रेस |
| ५ | माननीय देवका पाहारी त्रिपाठी | सदस्य | नेकपा(एमाले) |
| ६ | माननीय नन्द प्रसाद न्यौपाने | सदस्य | नेपाली कांग्रेस |
| ७ | माननीय बिकल शेरचन | सदस्य | नेपाली काँग्रेस |

| | | | |
|---|---|---|---|
| ८ | माननीय मुनिन्द्र जंग गुरुङ | सदस्य | नेपाली कांग्रेस |
| ९ | माननीय यशोदा रिमाल | सदस्य | नेकपा (एमाले) |
| १० | माननीय राज कुमारी भुजेल | सदस्य | नेकपा (एमाले ) |
| ११ | माननीय रेखा गुरुङ | सदस्य | नेपाली काँग्रेस |
| १२ | माननीय रोशन बहादुर गाहा थापा | सदस्य | नेकपा (एमाले) |
| १३ | माननीय सुरेन्द्रराज पाण्डे | पदेन सदस्य | मुख्यमन्त्री |

## १.५. समिति सचिवालय

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १७१ मा समिति सचिवालयको व्यवस्था रहेको छ । उक्त नियममा प्रदेश सभा सचिवालय अन्तर्गत प्रत्येक समितिको सचिवालय रहने, प्रदेश सभा सचिव प्रत्येक समितिको पदेन सचिव हुने, सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्ने र समितिको सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुर्याउन सभापतिसँग समन्वय गरी सम्बन्धित मन्त्रालय, विभाग वा निकायकसँग आवश्यक जानकारी माग गर्न सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार प्रदेश मामिला तथा कानून समिति सचिवालयमा निम्नानुसारका कर्मचारी कार्यरत रहेका छन् ।

| क्र.स. | पद | नाम थर | समिति सचिवालयका कर्मचारी |
|---|---|---|---|
| १ | प्रदेश सभा सचिव | श्री हरिराज पोखरेल | पदेन सचिव |
| २ | अधिकृत सातौं | श्री कमला पौडेल | समिति सचिव |
| ३ | कानुन अधिकृत | श्री आयूस्मा अधिकारी | अधिकृत कर्मचारी |
| ४ | अधिकृत छैटौं | श्री झनक राज अधिकारी | अधिकृत कर्मचारी |
| ५ | माइक संचालक | श्री गीता दवाडी | कर्मचारी |
| ६ | कार्यलय सहयोगी | श्री सुर्य बहादुर केसी | सहयोगी कर्मचारी |

# परिच्छेद दुई
# समितिले हालसम्म सम्पन्न गरेका मुख्य-मुख्य गतिविधि

## २.१. गतिविधि सारांश

गण्डकी प्रदेश सभाका विषयगत समिति मध्येको एक समिति प्रदेश मामिला तथा कानून समिति हो। प्रदेश सभा नियमावली, २०८० को नियम १५२ ले व्यवस्था गरे बमोजिम यो समिति गठन भई २०८० भाद्र ०८ मा पहिलो बैठक बसे पश्चात आ.व. २०८१/०८२ को वैशाख मसान्त सम्म प्रदेश मामिला तथा कानून समितिको कार्यविधि निर्माण, "गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" पारित तथा समितिसँग सम्बन्धित अन्य विषयहरुमा अध्ययन, विभिन्न निकाय तथा सरोकारवालहरुसँग छलफल तथा निर्देशन दिने लगायतका कार्यहरु गरेको छ । समितिले गरेका कामकारवाही र दिएका निर्देशनहरुको संकलन गरी यो वार्षिक प्रतिवेदन समितिले प्रकाशन गरेको छ ।

त्यसै गरी समितिको क्षेत्राधिकार भित्र पर्ने मन्त्रालयहरुमा बजेट कार्यान्वयनको अवस्था, सेवा प्रवाहको अवस्था, कार्यक्रम कार्यान्वयनको अवस्था जस्ता विभिन्न क्षेत्रहरुका सन्दर्भमा सम्बन्धित मन्त्रालयका सचिवहरुसँग र जिल्ला स्थित विभिन्न कार्यालयका कार्यालय प्रमुखहरुसँग समेत छलफल गरी विभिन्न विषयमा निर्देशन दिएको छ।

## २.२. प्रदेश मामिला तथा कानूनसमितिको कार्यविधि,२०८० निर्माण

समिति गठनको सुरुवातमा यस समितिको कामकारवाही व्यवस्थित, अनुशासित तथा मर्यादित रुपमा सञ्चालन गर्न "प्रदेश मामिला तथा कानून समितिको कार्यविधि, २०८०" निर्माण गरी समितिमा प्रतिवेदन पेश गर्न समितिले उपसमिति गठन गरेको थियो । उक्त उपसमितिले पेश गरेको कार्यविधिलाई समितिले २०८०।०८।१० मा पारित गरी कार्यान्वयनमा ल्याएको छ । सो कार्यविधि अनुसूची १ बमोजिम रहेको छ ।

## २.३. गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल तथा प्रतिवेदन पेश

यस अवधिमा गण्डकी प्रदेश सभाले "गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" समितिमा दफावार छलफलका लागि पठाईएकोमा सो विधेयकका सम्बन्धमा समितिले सम्बन्धित निकायका प्रमुख तथा प्रतिनिधिहरु तथा सो विषयसँग सम्बन्धित सरोकारवालाका प्रतिनिधिहरुसँग समेत छलफल तथा अन्तर्क्रिया गरी विधेयकमा आवश्यकीय संशोधन सहित मिति २०८०।१०।२८गते समितिबाट प्रतिवेदन पेश गरि सभाबाट सो विधेयक मिति २०८०।११।२१ मा पारित भई कानून कार्यान्वयनमा गएको अवस्था छ । सो प्रतिवेदन अनुसुचि-२ मा रहेको छ ।

## २.४. समिति/उपसमितिमा हाल सम्मका बैठक सम्बन्धी विवरण

<u>समिति तर्फ</u>

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| १ | २०८०।०५।०८ | • प्रदेश मामिला तथा कानून समितिको कार्यविधि निर्माणका लागि मा. चम्पपादेवी खड्काको संयोजकत्वमा मा. कुसुम बुढा पुन, मा. देवका पाहारी त्रिपाठी रहेको तीन सदस्यीय उपसमितिको गठन गरिएको।<br>• प्रदेश मामिला तथा कानून समितिको कार्यविधि निर्माणका लागि आजका मिति देखि १५ दिनको कार्यावधि तोक्ने (मिति २०८०।०५। २३ गते सम्म) ।<br>• गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानून समितिका सचिवलाई कार्यविधि निर्माण उपसमितिको सदस्य सचिव तोक्ने। |
| २ | २०८०।०५।२९ | • प्रदेश मामिला तथा कानून समितिको कार्यविधि निर्माणको लागि गठित उपसमितिलाई कार्यविधि निर्माण गरी समिति समक्ष पेश गर्न दिइएको उपसमितिका तर्फबाट संयोजकले पेश गर्नुभएको प्रतिवेदन सहितको कार्यविधिको मस्यौदा अध्ययन गरी सुझाव सहित आगामी बैठकमा छलफल सहित पारित गर्ने । |
| ३ | २०८०।०६।२१ | • गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५६ |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | को उप नियम (१) बमोजिम माननीय सभामुखले मिति २०८० असोज १८ गते यस समितिको सभापति पदको निर्वाचन २०८०/०६/२१ गते तोक्नु भएकोमा गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५६ को उपनियम (३) बमोजिम दर्ता भएको एक मात्र प्रस्तावको प्रस्तावक माननीय रेखा गुरुङ र माननीय बिकल शेरचनले समर्थन गर्नुभएको माननीय चम्पपादेवी खड्कालाई प्रदेश मामिला तथा कानून समितिको सभापति पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावलाई प्रस्तुत गर्दा माननीय चम्पपादेवी खड्का प्रदेश मामिला तथा कानून समितिको सभापति पदमा सर्वसम्मत रुपमा निर्वाचित हुनु भएको घोषणा गरिएको ।<br>• समितिका माननीय जेष्ठ सदस्य मित्रलाल बस्यालले सभापतिका हैसियतमा समितिका विगत बैठकहरु सञ्चालन र कार्यविधि निर्माणमा खेल्नु भएको महत्वपूर्ण भूमिकाका लागि वहाँलाई यो बैठक हार्दिक धन्यवाद ज्ञापन गर्दछ । |
| ४ | २०८०।०८/१० | • प्रदेश मामिला तथा कानून समितिबाट गठित उपसमितिले तयार पारेको प्रदेश मामिला तथा कानून समितिको कार्यविधि २०८० पारित गरिएको ।<br>• गण्डकी प्रदेश सभाबाट यस समितिमा प्राप्त गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० र सो विधेयक माथि सदनमा सैद्धान्तिक छलफलमा उठेका विषयहरु र परेका संसोधन समेत समितिका सदस्यहरुलाई अध्यनको लागि बितरण गरी सो विधेयकका सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने । |
| ५ | २०८०।०८/२७ | • प्रदेश सभा बैठकमा पेश भई छलफलका लागि समितिमा |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | प्राप्त भएको आमसञ्चार विधेयकका सम्बन्धमा समितिले तपसिल बमोजिमका प्रक्रिया पुरा गरी प्रदेश सभामा पठाउने निर्णय गरियो ।<br>विधेयक उपर उठेका सैद्धान्तिक विषयमा छलफल/समिक्षा,<br>क) सम्बन्धित विषय बिज्ञको रोष्टर तयार गर्ने ।<br>ख)विधेयक उत्पन्न भएको मन्त्रालय/निकायका पदाधिकारी, कर्मचारीसँग छलफल र अन्तर्क्रिया,<br>ग) स‌ंशोधन प्रस्ताव दर्ता गराउने माननीय सदस्यसँग छलफल/संशोधनमा तथ्य सहित प्रतिरक्षा,<br>घ) सम्बन्धित बिषयका बिज्ञद्वारा विधेयकको पुनरावलोकन तथा अन्तरक्रिया गर्ने ।<br>ङ) सरोकारवाला संघ संस्था,ब्यक्ति तथा नागरिकहरुसँग अन्तरक्रिया गर्ने ।<br>च) विधेयकको बिषय उपर स्वार्थ बाझिने अवस्थाको अध्यन, पहिचान र संसोधन गर्ने ।<br>छ)समितिमा दफावार छलफल ।<br>ज) प्रतिवेदन तयार गरी सदनमा प्रस्तुत गर्ने । |
| ६ | २०८०।०८/२८ | गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक,२०८० उत्पति भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिवको उपस्थितिमा विधेयकमा रहेका मुख्य मुख्य प्रावधानको महत्व र त्यसले पार्ने प्रभावका बारेमा छलफल गरियो । |
| ७ | २०८०।०९/०५ | आमसञ्चार विधेयकका सम्बन्धमा संसोधन प्रस्ताव दर्ता गराउने माननीय सदस्यहरुबाट आफ्नो संसोधनमा पेश गरिएका विषयको महत्वको बारेमा जानकारी गराउनु भएको । |
| ८ | २०८०।०९/०८ | आमसञ्चार विधेयकका सम्बन्धमा सरोकारवाला ब्यक्ति संघ, संस्था तथा नागरिकहरुसंग विधेयकमा रहेका कतिपय व्यवस्थाले पार्ने प्रभाव र त्यसको असरको बारेमा छलफल गरियो । |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| ९ | २०८०।०९/२२ | आमसञ्चार विधेयकका सम्बन्धमा सरोकारवाला ब्यक्ति संघ, संस्था तथा नागरिकहरुसंग छलफल गरी संकलन गरिएका राय सुझाव र माननीय सदस्यहरुले राख्नु भएको संसोधन प्रस्ताव सहित छलफल गरियो । |
| १० | २०८०।०९।२३ | आमसञ्चार विधेयकका सम्बन्धमा माननीय सदस्यहरुले राख्नु भएको संसोधन प्रस्ताव सहित दफावार छलफल गरियो । |
| ११ | २०८०।०९।२४ | आमसञ्चार विधेयकका सम्बन्धमा माननीय सदस्यहरुले राख्नु भएको संसोधन प्रस्ताव सहित दफावार छलफल गरियो । |
| १२ | २०८०।१०/१० | आमसञ्चार विधेयकका सम्बन्धमा माननीय सदस्यहरुले राख्नु भएको संसोधन प्रस्ताव सहित प्रतिवेदनको मस्यौदा माथि छलफल गरियो । |
| १३ | २०८०।१०/१३ | आमसञ्चार विधेयकका सम्बन्धमा गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदिय दलका नेताहरुसँग छलफल गरियो । |
| १४ | २०८०।१०।२८ | १. गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० (यसपछि "विधेयक" भनिएको) को दफा २ को,-<br>(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-<br>"(क) "अनलाइन सञ्चार माध्यम" भन्नाले आधिकारिक निकायमा दर्ता भई इन्टरनेटको प्रयोगबाट पत्रकारिता गरिने सञ्चार माध्यम सम्झनु पर्छ।"<br>(२) खण्ड (ख) झिकी त्यसपछिका खण्डको क्रम मिलाउने।<br>(३) साबिक खण्ड (झ) खण्डक्रम मिलाउँदा कायम हुने |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राख्नेः-<br>"(ज) "छापासञ्चार" भन्नाले समाचारपत्र, पत्रिका, कला, साहित्य, विज्ञान, पर्यटन र चलचित्र लगायतका विभिन्न विधालाई समेटी प्रकाशन हुने सञ्चार सामग्री सम्झनुपर्छ।"<br>(४) देहाय बमोजिमको परिभाषा थप गरी वर्णानुक्रम मिलाउनेः-<br>"प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनुपर्छ।<br>२. विधेयकको परिच्छेद -२ को "परिच्छेद" शीर्षकमा रहेका "सञ्चार समन्वय समिति" भन्ने शब्दहरुको सट्टा "समितिको गठन, काम, कर्तव्य र अधिकार" भन्ने शब्दहरु राख्ने।<br>३. विधेयकको दफा ३ को,-<br>(१) दफा शीर्षकमा रहेका "सञ्चार समन्वय" भन्ने शब्दहरु झिक्ने।<br>(२) उपदफा (२) पछि रहेका उपदफाको क्रम मिलाउने।<br>(३) साबिक उपदफा (२) उपदफा क्रम मिलाउँदा कायम हुन आउने उपदफा (३) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | (२)" भन्ने शब्दहरु राख्ने।<br><br>(४) साबिक उपदफा (३) उपदफा क्रम मिलाउँदा कायम हुन आउने उपदफा (४) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राख्ने।<br><br>(५) साबिक उपदफा (३) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (४) पछि देहायको उपदफा (५) थप गर्नेः-<br><br>"(५) उपदफा (२) को खण्ड (छ) बमोजिमको मनोनीत सदस्यको योग्यता तोकिए बमोजिम हुनेछ।"<br><br>४. विधेयकको दफा ४ मा रहेका "सञ्चार समन्वय" भन्ने शब्दहरु झिक्ने।<br><br>५. विधेयकको दफा ५ को उपदफा (३) मा रहेका "अध्यक्ष समेत पचास प्रतिशतभन्दा बढी" भन्ने शब्दहरुको सट्टा "कम्तीमा एकाउन्न प्रतिशत" भन्ने शब्दहरु राख्ने।<br><br>६. विधेयकको दफा ६ को,-<br><br>(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-<br><br>"(२) उपदफा (१) बमोजिमको प्रेस रजिष्ट्रारको नियुक्तिको लागि प्रदेश सरकारको सञ्चार सम्बन्धी |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | विषय हेर्ने मन्त्री वा सो विषय हेर्ने मन्त्री अलग्गै नभएमा मुख्यमन्त्रीले तोकेको मन्त्रीको संयोजकत्वमा मन्त्रालयले तोकेको आमसञ्चार क्षेत्रको विज्ञ र मन्त्रालयको सचिव रहने तीन सदस्यीय छनौट समितिको गठन गर्नेछ।<br><br>(२)उपदफा (३) मा रहेका "मन्त्रालय समक्ष" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार समक्ष" भन्ने शब्दहरु राख्ने।<br><br>(३)उपदफा (३) पछि देहायको उपदफा (४) थप गरी त्यसपछिका उपदफाको क्रम मिलाउनेः-<br><br>"(४) उपदफा (३) बमोजिम सिफारिस भएका मध्येबाट प्रदेश सरकारले एकजनालाई प्रेस रजिष्ट्रारको पदमा नियुक्त गर्नेछ।"<br><br>(४) साबिकको उपदफा (५) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नेः-<br><br>"(६) उपदफा (१) बमोजिम नियुक्त प्रेस रजिष्ट्रारले प्रदेश सरकारको एघारौं तहको कर्मचारीले पाउने सुरु तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ।"<br><br>(५) साबिकको उपदफा (७) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (८) को सट्टा देहायको उपदफा (८) राख्नेः- |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | "(८) उपदफा (१) बमोजिम प्रेस रजिष्ट्रार नियुक्त नभएसम्मको लागि प्रदेश सरकारले मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुखलाई प्रेस रजिष्ट्रारको रुपमा काम काज गर्न तोक्न सक्नेछ।"<br><br>७. विधेयकको दफा ७ को खण्ड (घ) र (ङ) को सट्टा देहायका खण्ड (घ) र (ङ) राख्ने;-<br><br>"(घ) मान्यताप्राप्त विश्वविद्यालयबाट पत्रकारिता, आमसञ्चार, सूचना प्रविधि र कानून मध्ये कुनै एक विषयमा स्नात्तकोत्तर तह उत्तीर्ण गरेको,<br><br>(ङ) पत्रकारिता, आमसञ्चार, सूचना प्रविधि र कानून मध्ये कुनै एक क्षेत्रमा कम्तीमा "पन्ध्र" वर्षको अनुभव हासिल गरेको,"<br><br>८. विधेयकको दफा ८ को सट्टा देहायको दफा ८ राख्नेः-<br><br>"८.<u>पद मुक्त हुने अवस्था</u>ः (१) देहायको अवस्थामा प्रेस रजिष्ट्रार पदमुक्त हुनेछः-<br><br>(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,<br><br>(ख) निजको मृत्यु भएमा,<br><br>(ग) निजको पदावधि पूरा भएमा,<br><br>(घ) निजको उमेर साठी वर्ष पूरा भएमा, |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | (ङ) निज शारीरिक वा मानसिक रुपमा अशक्त भई कार्यसम्पादन गर्न असमर्थ रहेको भनी विज्ञ सम्मिलित तोकिए बमोजिमको समितिको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गरेमा,<br><br>(च) निजको काम सन्तोषजनक नभएमा वा कार्यक्षमताको अभाव भएमा वा निज खराब आचरणमा लागेमा वा पदीय कर्तव्यको पालना इमान्दारीपूर्वक नगरेको भनी प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,<br><br>(छ) नैतिक पतन देखिने फौजदारी अभियोगबाट कसूरदार ठहरिएमा,<br><br>(ज) विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र लिएमा, |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | (झ)प्रचलित कानूनले अयोग्य ठहरिएमा।<br><br>(२) उपदफा (१) को खण्ड (च) बमोजिम प्रेस रजिष्ट्रारलाई पदमुक्त गर्नु अघि निजलाई आफ्नो सफाई पेस गर्न मनासिब मौका दिनु पर्नेछ।"<br><br>९. विधेयकको दफा ९ को,-<br><br>(१) खण्ड (क) मा रहेका "मन्त्रालय समक्ष" भन्ने शब्द पछि "वार्षिक" भन्ने शब्द थप गर्ने।<br><br>(२) खण्ड (ख) मा रहेका "आमसञ्चार माध्यमको" भन्ने शब्दहरुको सट्टा "आमसञ्चार संस्थाको" भन्ने शब्दहरु राख्ने।<br><br>(३) खण्ड (ङ) मा रहेका "निर्माण गर्ने" भन्ने शब्दहरुको सट्टा "निर्माण गरी मन्त्रालय समक्ष पेस गर्ने" भन्ने शब्दहरु राख्ने।<br><br>(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नेः-<br><br>"(ञ) आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र मन्त्रालय समक्ष पेस गर्ने,<br><br>(५) खण्ड (ट) मा रहेका "सम्बन्धमा" भन्ने शब्द पछाडि "प्रदेश सरकार समक्ष" भन्ने शब्दहरु थप |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | गर्ने।<br><br>(६) खण्ड (ठ) मा रहेका “सुविधाको विषयमा” भन्ने शब्द पछाडि “प्रदेश सरकार समक्ष” भन्ने शब्दहरु थप गर्ने।<br><br>१०. विधेयकको दफा १८ मा रहेका “मन्त्रालयको सिफारिसमा मात्र” भन्ने शब्दहरुको सट्टा “प्रदेश सरकारको सिफारिसमा” भन्ने शब्दहरु राख्ने।<br><br>११. विधेयकको दफा २१ को खण्ड (ग) मा रहेका “सम्भव भएसम्म” भन्ने शब्दहरु झिक्ने।<br><br>१२. विधेयकको दफा २४ को,-<br><br>(१) उपदफा (१) को खण्ड (ङ) मा रहेका “धर्म,” भन्ने शब्द पछाडि “क्षेत्र,” भन्ने शब्द थप गर्ने।<br><br>(२) उपदफा (२) मा रहेका “विज्ञापनदाता वा प्रकाशक वा प्रसारण संस्थाले” भन्ने शब्दहरुको सट्टा” विज्ञापनकर्ताले” भन्ने शब्द राखि देहाय बमोजिमको स्पष्टीकरण थप गर्नेः-<br><br>“**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि “विज्ञापनकर्ता” भन्नाले विज्ञापनदाता, विज्ञापन उत्पादक, निर्माता, प्रकाशक र प्रसारण संस्था समेतलाई सम्झनु पर्छ।”<br><br>१३. विधेयकको दफा २६ को,-<br><br>(१) उपदफा (७) मा रहेका “अध्यक्ष समेत पचास |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | प्रतिशतभन्दा बढी" भन्ने शब्दहरुको सट्टा "कम्तीमा एकाउन्न प्रतिशत" भन्ने शब्दहरु राख्ने।<br><br>(२) उपदफा (१०) को खण्ड (छ) मा रहेका "निर्माता" भन्ने शब्द पछाडि "प्रकाशक" भन्ने शब्द थप गर्ने।<br><br>(३) ठाउँठाउँमा रहेका "समितिको" भन्ने शब्दको सट्टा "अनुगमन तथा नियमन समितिको" भन्ने शब्दहरु राख्ने।<br><br>१४. विधेयकको दफा ३१ मा रहेका "इन्टरनेटबाट हटाउन समेत" भन्ने शब्दहरुको सट्टा "इन्टरनेटबाट हटाउन निर्देशन दिन" भन्ने शब्दहरु राख्ने।<br><br>१५. विधेयकको दफा ३३ को उपदफा (१) मा रहेका "समय समयमा" भन्ने शब्दहरु झिक्ने।<br><br>१६. विधेयकको दफा ३४ को उपदफा (३) मा रहेका "माग भए बमोजिमको विवरण पेस गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ" भन्ने शब्दहरुको सट्टा "माग भए बमोजिमको विवरण सम्बन्धित संस्थाले पेस गर्नु पर्नेछ" भन्ने शब्दहरु राख्ने।<br><br>१७. विधेयकको दफा ४१ को सट्टा देहायको दफा ४१ राख्नेः-<br><br>"४१. **<u>आमसञ्चार माध्यमको स्वामित्व हस्तान्तरणः</u>** यस ऐन बमोजिम अभिलेखीकरण भएको आमसञ्चार |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | माध्यमको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्ति वा संस्थाले सात दिन भित्रमा सोको जानकारी तोकिएको ढाँचामा कार्यालयलाई दिनु पर्नेछ र कार्यालयले तत्सम्बन्धी विवरण दर्ता किताबमा अभिलेख गर्नु पर्नेछ।"<br><br>१८. विधेयकको दफा ४३ को उपदफा (८) पछि देहाय बमोजिमको स्पष्टीकरण थप गर्नेः-<br><br>"**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "स्वतन्त्र पत्रकार" भन्नाले कुनै पनि सञ्चार संस्थासँग पारिश्रमिक वा सुविधा लिने गरी आबद्ध नभई स्वतन्त्ररुपमा पत्रकारिता गर्ने व्यक्ति सम्झनु पर्छ।"<br><br>१९. विधेयकको दफा ४४ को खण्ड "(ख) मा रहेका "धर्म," भन्ने शब्द पछि "क्षेत्र," भन्ने शब्द थप गर्ने।<br><br>२०. विधेयकको दफा ४७ को उपदफा (२) मा रहेका "संघीय कानून बमोजिम सजाय हुनेछ" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिम कारबाही र किनारा हुनेछ" भन्ने शब्दहरु राख्ने।<br><br>२१. विधेयकको दफा ४९ को सट्टा देहायको दफा ४९ राखेः-<br><br>"४९ **<u>मुद्दा हेर्ने अधिकारीः</u>** दफा ४७ को उपदफा (१) र (३) बमोजिमको मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार प्रेस रजिष्ट्रारलाई हुनेछ।" |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | २२. विधेयकको दफा ५० मा रहेका "दफा ४९ को उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "दफा ४९ बमोजिम" भन्ने शब्दहरु राख्ने।<br><br>२३. विधेयकको दफा ५१ झिकि त्यसपछिका दफाको क्रम मिलाउने।<br><br>२४. विधेयकको साबिक दफा ५४ दफाक्रम मिलाउँदा कायम हुने दफा ५३ मा रहेका "मन्त्रालयले" भन्ने शब्दको सट्टा "प्रदेश सरकारले" भन्ने शब्द र "त्यस्तो निर्देशनको पालना गर्नु प्रेस रजिष्ट्रारको कर्तव्य हुनेछ" भन्ने शब्दहरुको सट्टा "प्रेस रजिष्ट्रारले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ" भन्ने शब्दहरु राख्ने।<br><br>२५. विधेयकको साबिक दफा ५४ दफाक्रम मिलाउँदा कायम हुने दफा ५३ पछि देहाय बमोजिमका दफा ५४, ५५, ५६ र ५७ थप गर्ने:-<br><br>"५४. <u>पुरस्कार प्रदान गर्न सकिने:</u> प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यमलाई प्रदेश सरकारले तोकिए बमोजिम पुरस्कृत गर्न सक्नेछ।"<br><br>"५५. **<u>समावेशी सिद्धान्त अपनाउनु पर्ने:</u>** यस ऐनको दफा ३ र दफा २६ बमोजिम मन्त्रालयले समितिका सदस्यको मनोनयन गर्दा समावेशी सिद्धान्तलाई अपनाउनुपर्नेछ।"<br><br>"५६. **<u>लोक कल्याणकारी विज्ञापन सम्बन्धी व्यवस्था:</u>** लोक कल्याणकारी विज्ञापन सम्बन्धी व्यवस्था |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | तोकिए बमोजिम हुनेछ।" <br><br> "५७. **<u>विशेष सहुलियत दिन सकिनेः</u>** सीमान्तीकृत समुदाय, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिबाट सञ्चालित आमसञ्चार माध्यमलाई प्रदेश सरकारले तोकिए बमोजिम विशेष सहुलियत दिने व्यवस्था गर्न सक्नेछ।" <br><br> २६. विधेयकको साबिक दफा ५५ दफाक्रम मिलाउँदा कायम हुने दफा ५८ को सट्टा देहायको दफा ५८ राख्नेः- <br><br> "५८. **<u>अधिकार प्रत्यायोजनः</u>** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार प्रेस रजिष्ट्रारले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।" <br><br> २७. विधेयकको साबिक दफा ५६ दफाक्रम मिलाउँदा कायम हुने दफा ५९ पछि देहाय बमोजिमका दफा ६०, ६१, ६२ र ६३ थप गरी त्यसपछिको साबिक दफा ५७ झिक्ने। <br><br> "६०. **<u>अनुसूची हेरफेरः</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।" <br><br> "६१. **<u>नियम बनाउने अधिकारः</u>** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियम बनाउन सक्नेछ।" |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | "६२. **<u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:</u>** (१) प्रदेश सरकारले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।<br><br>(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।"<br><br>"६३. **<u>ऐन कार्यान्वयन मापन:</u>** मन्त्रालयले यो ऐन प्रारम्भ भएको पाँच वर्ष पुगेको एक वर्ष भित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन प्रदेश सभाको सम्बन्धित समितिमा पेस गर्नेछ।" |
| १५ | २०८१/०२/३२ | • मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेशको आ.व. ०७८/७९,०७९/०८० को वार्षिक प्रतिवेदनको छलफलमा उठेका बिषयबस्तु माथि बिस्तृत छलफल गर्नको लागि मिति २०८१/०३/०५ गते मुख्य न्यायाधिवक्ता लाई बोलाउने निर्णय गरियो ।<br><br>• प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशको आ.व. ०७७/७८,०७८/०७९,०७९/०८० को वार्षिक प्रतिवेदनको छलफलमा उठेका विषयवस्तु माथि बिस्तृत छलफल गर्नको लागि मिति २०८१/०३/०६ गते |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | आयोगका अध्यक्ष र सचिव लाई बोलाउने निर्णय गरियो । |
| १६ | २०८१/०३/०५ | मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेशको आ.व.२०७६/०७७,०७७/०७८,२०७८/७९,०७९/०८० को वार्षिक प्रतिवेदन माथि सैद्धान्तिक छलफल गरियो र प्रतिवेदन माथि मुख्य न्यायाधिवक्ता को सुझाव र माननीयहरुले उठाएका विषयवस्तुलाई समेटी प्रतिवेदन तयार गर्ने निर्णय गरियो । |
| १७ | २०८१/०३/०६ | • लोकसेवा आयोग गण्डकी प्रदेशको आ.व. ०७७/७८,०७८/०७९ र ०७९/८० को वार्षिक प्रतिवेदन माथि सैद्धान्तिक छलफल गरियो र प्रतिवेदन माथि आयोगका अध्यक्ष र सचिव को सुझाव र माननीयहरुले उठाउनु भएका विषयवस्तुलाई समेटी वार्षिक प्रतिवेदन तयार गर्ने निर्णय गरियो<br>• गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानून समितिबाट लमजुङ र गोरखा जिल्लामा रहेका कारागारको निरीक्षण, जिल्लास्थित सरकारी कार्यालयको सेवा प्रवाहको बारेमा अनुगमन, निरीक्षण तथा अन्तरक्रिया कार्यक्रम मिति २०८१ असार १९ गते देखि २४ गते सम्म सञ्चालन गर्ने निर्णय गरियो। |
| १८ | २०८१/०६/१० | • गण्डकी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयको आ.व. ०७६/०७७,०७७/०७८,०७८/०७९,०७९/०८० को वार्षिक प्रतिवेदनको मस्यौदा माथि आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।<br>• गण्डकी प्रदेश लोक सेवा आयोगको आ.व. ०७७/०७८, ०७८/०७९,०७९/०८० को वार्षिक प्रतिवेदनको मस्यौदा माथि आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।<br>• विजया दशमी तिहार तथा छठ पर्वको अवसरमा बजारमा |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | हुने दैनिक उपभोग्य सामानको अस्वाभाविक मुल्यबृद्धि, कृत्रिम अभाव सिर्जना, कालोबजारी, कार्टेलिङ्ग लगायतका क्रियाकलाप बढ्न जाने जनजीवन तथा ब्यक्तिगत सम्पत्तिको पनि असुरक्षा हुन सक्ने सम्भावना रहने हुँदा त्यस्ता क्रियाकलापलाई नियन्त्रण गरी शान्ति सुरक्षालाई मजबुत बनाउनको लागि प्रयाप्त मात्रामा जनशक्ति र स्रोत साधनको व्यवस्था गर्न आवश्यक निकायसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने। |
| १९ | २०८१/०६/१९ | • समितिको आ.व. २०८१/०८२ को वार्षिक कार्यतालिका सम्बन्धमा छलफल गरी स्वीकृत गरिएको।<br>• गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानून समितिबाट म्याग्दी र मुस्ताङ जिल्लामा कारागार निरीक्षण, जिल्लास्थित सरकारी कार्यालयको सेवा प्रवाहको बारेमा अनुगमन, निरीक्षण तथा अन्तरक्रिया र लोमान्थाङ्ग गाउँपालिकामा अवस्थित गण्डकी प्रदेशको चीनसँग जोडिएको महत्वपूर्ण सीमा नाका कोराला नाकाको स्थलगत अनुगमन, निरिक्षण एवं लोमन्थाङ्ग गाउँपालिकाका जनप्रतिनिधी र स्थानीय जनताहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी प्रदेश सरकारलाई सुझाव सहितको प्रतिवेदन पेश गर्नको लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम मिति २०८१ कार्तिक ४ गते देखि २०८१ कार्तिक १० गते सम्म सञ्चालन गर्ने निर्णय गरियो। |
| २० | २०८१/०७/१२ | प्रदेश मामिला तथा कानून समितिबाट मिति २०८१/०७/०४ देखि १० सम्म म्याग्दी र मुस्ताङ जिल्लामा गरिएको कारागार निरीक्षण तथा अनुगमन सरकारी कार्यालयको सेवा प्रवाहको बारेमा कार्यालय प्रमुखहरुसँगको अन्तरक्रिया कार्यक्रम को |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | समिक्षा गरियो। |
| २१ | २०८१/०८/२७ | • प्रदेश मामिला तथा कानून समितिबाट मिति २०८१/०३/१९ देखि २४ सम्म लमजुङ, गोरखा र २०८१/०७/04 देखि १० सम्म म्याग्दी र मुस्ताङ जिल्लामा गरिएको कारागारको निरीक्षण तथा अनुगमन, सरकारी कार्यालयहरुको सेवा प्रवाहको बारेमा कार्यालय प्रमुखहरुसँगको अन्तरक्रिया कार्यक्रम, सिमा नाका कोरालाको अनुगमन, निरीक्षण तथा अन्तरक्रिया कार्यक्रमाबाट तयार पारिएको प्रतिवेदनमा देखिएका समस्या तथा सुझाव सहित संलग्न प्रतिवेदन कार्यन्वयनको लागि गण्डकी प्रदेश सरकारलाई निर्देशन दिने ।<br>• लोकसेवा आयोग गण्डकी प्रदेशको आ.व. ०७७/०७८, ०७८/०७९ र ०७९/०८० को वार्षिक प्रतिवेदन माथि सैद्धान्तिक छलफल गरी प्रतिवेदन पास गरियो ।<br>• मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेशको आ.व. ०७६/०७७,०७७/०७८,०७८/०७९,०७९/०८० को वार्षिक प्रतिवेदन माथि सैद्धान्तिक छलफल गरी प्रतिवेदन पास गरियो । |
| २२ | २०८१/११/२७ | • प्रदेश मामिला तथा कानून समितिको आ.व. ०८१/०८२ को वार्षिक प्रतिवेदन तयार गरी आगामी बैठकमा पेस गर्ने निर्णय गरियो ।<br>• लोकसेवा आयोग गण्डकी प्रदेशको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन माथि सैद्धान्तिक छलफल गरियो । |
| २३ | २०८१/१२/१९ | • प्रदेश लोकसेवा आयोग गण्डकी प्रदेशको आ.व. २०८०/०८१ को चौथो वार्षिक प्रतिवेदनको छलफलमा उठेका विषयवस्तु माथि विस्तृत छलफल गर्नका लागि मिति २०८१/१२/२७ गते आयोगका अध्यक्ष सचिवलाई |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | बोलाउने निर्णय गरियो । |
| २४ | २०८१/१२/२७ | • लोकसेवा आयोग गण्डकी प्रदेशको आ.व. ०८०/०८१ को चौथो वार्षिक प्रतिवेदन माथि सैद्धान्तिक छलफल गरियो र प्रतिवेदन माथि आयोगका अध्यक्ष र सचिवले समितिमा दिएका सुझाव र माननीयहरुले उठाएका विषयवस्तुलाई समेटी प्रतिवेदन उपर थप छलफल गर्ने निर्णय गरियो । |
| २५. | २०८२।०१।१५ | • गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानून समितिको आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन समितिमा पेश भएकोमा प्रतिवेदन माथि थप छलफल गर्नको लागि माननीय कुसुम बुढा पुन, माननीय देवका पाहारी त्रिपाठी र माननीय बिकल शेरचन सदस्य रहेको उपसमिति गठन गर्ने निर्णय गरियो ।<br>• गण्डकी प्रदेश लोकसेवा आयोगको आ. व. २०८०।०८१ को चौथो वार्षिक प्रतिवेदन माथि थप छलफल गर्नको लागि माननीय डिल्लीराम सुबेदी र माननीय यशोदा रिमालको सदस्य रहेको उपसमिति गठन गर्ने निर्णय गरियो । |
| २६. | २०८२।०१।२५ | • गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानून समितिको आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन माथि उप-समितिले थप छलफल गरेको प्रतिवेदन समितिले पास गर्यो र यसलाई प्रदेश सभा बैठकमा पेश गर्ने निर्णय गरियो ।<br>• गण्डकी प्रदेश लोकसेवा आयोगको आ. व. २०८०।०८१ को चौथो वार्षिक प्रतिवेदन माथि उप-समितिले थप छलफल गरेको प्रतिवेदन समितिले पास गर्यो र यसलाई प्रदेश सभा बैठकमा पेश गर्ने निर्णय गरियो । |

## २.५ समितिमा माननीय सदस्यको उपस्थिति विवरण

समितिको कार्यसम्पादनको शिलशिलामा विभिन्न समयमा बसेको समिति बैठकहरुमा उपस्थित माननीयहरुको उपस्थिति विवरणः

| क्र.सं. | नाम, थर | कूल बैठक संख्या | उपस्थित बैठक संख्या | अनुपस्थित बैठक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | माननीय चम्पादेवी खड्का | २६ | २६ | ० | |
| २ | माननीय कुसुम बुढा पुन | २६ | २२ | ४ | |
| ३ | माननीय खगराज अधिकारी | ३ | ३ | ० | मिति२०८१।१२।२६ को निर्णयबाट यस समितिमा आउनुभएको |
| ४ | माननीय डिल्लिराम सुवेदी | ३ | ३ | ० | मिति २०८१।१२।२६ को निर्णयबाट यस समितिमा आउनुभएको |
| ५ | माननीय गोबिन्द बहादुर नेपाली | २३ | २२ | १ | |
| ६ | माननीय देवका पाहारी त्रिपाठी | २६ | २३ | ३ | |
| ७ | माननीय नन्द प्रसाद न्यौपाने | २६ | १८ | ८ | |
| ८ | माननीय बिकल शेरचन | २६ | १६ | १० | |
| ९ | माननीय भेष बहादुर पौडेल | १९ | १३ | ६ | |
| १० | माननीय मुनिन्द्र जंग गुरुङ | २६ | ५ | २१ | |
| ११ | माननीय मित्रलाल बस्याल | १७ | १३ | ४ | |
| १२ | माननीय यशोदा रिमाल | २६ | १२ | १४ | |
| १३ | माननीय राजकुमारी भूजेल | ३ | २ | १ | मिति २०८१।१२।२६ को निर्णयबाट यस समितिमा आउनुभएको |
| १४ | माननीय रेखा गुरुङ | २६ | २१ | ५ | |
| १५ | माननीय रोशन गाहा थापा | २६ | १६ | १० | |
| १६ | माननीय सुरेन्द्रराज पाण्डे | २६ | ४ | २२ | |

## २.६ उप-समितिमा माननीय सदस्यहरु र बैठक मिति

| माननीय सदस्यहरु | बैठक मिति | कैफियत |
|---|---|---|
| मा. चम्पपादेवी खड्का<br>मा. कुसुम बुढा पुन<br>मा. देवका पाहारी त्रिपाठी | २०८०-५-१३<br>२०८०-०५-२१ | प्रदेश मामिला तथा कानून समितिको कार्यविधि निर्माण सम्बन्धमा बसेको बैठक । |
| मा. कुसुम बुढा पुन<br>मा. देवका पाहारी त्रिपाठी<br>मा. बिकल शेरचन | २०८२-०१-२२ | प्रदेश मामिला तथा कानून समितिको वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा बसेको बैठक । |
| मा. डिल्लिराम सुवेदी<br>मा. यशोदा रिमाल | २०८२-०१-२४ | प्रदेश मामिला तथा कानून समितिमा लोक सेवा आयोगको चौथो वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा बसेको बैठक । |

# अनुसूचीहरु

## अनुसूचि- १

## प्रदेश मामिला तथा कानून समितिको कार्यविधि, २०८०

**प्रस्तावनाः** प्रदेश मामिला तथा कानून समितिको बैठक तथा कार्यलाई व्यवस्थित, प्रभावकारी र मर्यादित बनाउन वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५८ को उपनियम (६) बमोजिम प्रदेश मामिला तथा कानून समितिले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश मामिला तथा कानून समितिको कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि समितिले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "उप-समिति" भन्नाले समितिको बैठकबाट गठन गरिएको उप-समिति सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले गण्डकी प्रदेश सभा नियमावली, २०८० सम्झनु पर्छ।

(ग) "बैठक" भन्नाले समितिको बैठक सम्झनु पर्छ र सो शब्दले समितिद्वारा गठित उपसमितिको बैठकलाई समेत जनाउँछ।

(घ) "सचिव" भन्नाले नियमावलीको नियम १७१ को उपनियम (३) बमोजिम प्रदेश मामिला तथा कानुन समितिको काम गर्न खटाइएको अधिकृत कर्मचारी सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले गण्डकी प्रदेश सभाको प्रदेश मामिला तथा कानून समितिको सदस्यलाई सम्झनु पर्छ।

(च) "सभा" भन्नाले गण्डकी प्रदेश सभा सम्झनु पर्छ।

(छ) "सभापति" भन्नाले प्रदेश मामिला तथा कानून समितिको सभापति सम्झनु पर्छ र सो शब्दले सभापतिको अनुपस्थितिमा समितिको सभापतिको रुपमा काम गर्न तोकेको जेष्ठ सदस्यलाई समेत जनाउँछ।

(ज) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले गण्डकी प्रदेश सभाको प्रदेश मामिला तथा कानून समितिलाई सम्झनु पर्छ।

३. **समितिको बैठकः** (१) समितिको बैठक आवश्यकतानुसार सभापतिले बोलाउन सक्नेछ।

तर समितिका एक चौथाई सदस्यले छलफल गर्नुपर्ने विषयसहित बैठक बोलाउन उपयुक्त छ भनी सभापति समक्ष लिखित अनुरोध गरेमा पाँच दिनभित्र सभापतिले बैठक बस्ने मिति र समय तोक्नुपर्नेछ।

(२) समितिको बैठक सञ्चालन सभापतिले गर्नेछ। सभापति चयन नहुँदासम्म उपस्थित सदस्यमध्ये जेष्ठ सदस्यले बैठकको सञ्चालन गर्नेछ।

(३) समितिको निर्णय सभापतिद्वारा प्रमाणित गरिनेछ। समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) सभापतिले प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ।

४. **बैठकको मिति तय गर्नेः** सामान्यतया पछिल्लो बैठकको मिति अघिल्लो बैठकमा नै निर्धारण हुनेछ। त्यसरी निर्धारण हुन नसकेको अवस्थामा सभापतिको निर्देशनमा सचिवले सदस्यलाई बैठकको मिति सम्बन्धमा जानकारी गराउनेछ।

५. **बैठकको प्रारम्भः** बैठक कक्षमा सभापतिको आगमन भई राष्ट्रिय धुन बजेपछि सभापतिले बैठक प्रारम्भ भएको घोषणा गर्नेछ।

६. **उपस्थितिः** बैठकमा उपस्थित सदस्यले वर्णानुक्रमानुसार निर्णय पुस्तिकामा उल्लेखित आफ्नो नामको पछाडी दस्तखत गरी उपस्थिति जनाउनुपर्नेछ।

७. **बैठकको सञ्चालन, समय व्यवस्थापन र छलफलः** बैठकको सञ्चालन, समय व्यवस्थापन र छलफल सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) बैठकको सभापतित्व सभापतिबाट हुनेछ ।निजको अनुपस्थितिमा समितिका सदस्यमध्ये जेष्ठ सदस्यले सभापतित्व गरेको अवस्थामा सभापतिले प्रयोग गर्ने सबै अधिकार प्रयोग गर्न सक्नेछ।

(ख) नियमावलीको नियम १६४ बमोजिम समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ ।

(ग) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मत हुन नसकेमा तत्काल कायम रहेका सदस्य संङ्ख्याको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

(घ) बैठकको शुरुमा नै कार्यसूचीमा परेका विषयवस्तुको प्रकृति र महत्वलाई ध्यानमा राखी बैठकको समयावधि निर्धारण गरिनेछ ।

(ङ) छलफलमा भाग लिन वा प्रश्न सोधन सभापतिको ध्यानाकर्षण गर्दै सदस्यले हात उठाई सभापतिसँग बोल्नका लागि समय लिनुपर्नेछ।

(च) खण्ड (ङ) बमोजिम सदस्यले समय माग गरेमा पालैपालो समय प्रदान गर्नुपर्नेछ।

(छ) सभापतिले संकेत गरेपछिमात्र सदस्यले सभापतिलाई सम्बोधन गर्दै बोल्नु पर्नेछ।

(ज) छलफलमा भाग लिने सदस्यले छलफलको विषयमा केन्द्रित रही निर्धारित समयभित्र आफ्नो विचार राख्नुपर्नेछ।

(झ) कुनै एक सदस्य बोलिरहेको अवस्थामा अर्को सदस्यले बोल्न र एक आपसमा कुरा गर्न पाइने छैन।

(ञ) विशेष कारणवश सभापतिलाई सूचना दिएको अवस्थामा बाहेक बैठक प्रारम्भ भएपश्चात् अन्त्य नभएसम्म सदस्य बैठकमा उपस्थिति रहनु पर्नेछ।

(ट) बैठकको विषय वस्तुमा केन्द्रित रहन र बैठकलाई मर्यादित तुल्याउन मोवाइल वा संचार सेटलाई आफ्नो अनुकुल व्यवस्थापन गर्नु सबैको कर्तव्य हुनेछ।

(ठ) विशेष कारण परेको अवस्थामा बाहेक सभापति आफ्नो आसन बाट नउठे सम्म अन्य सदस्य वा कर्मचारी उठ्नुहुदैन र बाहिर जानु परेको अवस्थामा सभापतिको स्वीकृति लिएर जानु पर्नेछ।

(ड) निर्धारित समयबाट एक घण्टासम्म पनि वैठक प्रारम्भ हुन नसकेमा सभापतिले सो बैठक स्थगित गर्न सक्नेछ।

(ढ) बैठक व्यवस्थापन र सञ्चालनका सम्बन्धमा सभापतिको निर्णय अन्तिम हुनेछ।

८. <u>आसनको क्रम</u>: (१) बैठकमा सभापतिको दायाँ तर्फको पहिलो खण्डमा क्रमशः मुख्यमन्त्री तथा समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयका मन्त्री र समितिका सदस्य बस्नेछन् ।सभापतिको बायाँ तर्फ समिति सचिव, सम्बन्धित मन्त्रालयका सचिव र अन्य पदाधिकारी तथा आमन्त्रित सरोकारवाला तथा विज्ञ रहनेछन्।

सभापतिको बायाँ तर्फको दोस्रो खण्डमा क्रमश सचिवालयका सहायक कर्मचारी र सम्बन्धित मन्त्रालयका अन्य कर्मचारीहरु, दायाँ तर्फको दोस्रो खण्डमा क्रमश पत्रकार र अवलोकनकर्ता बस्नेछन्।

(२) प्रदेश सभाका सभामुख, विपक्षी दलको नेता तथा उपसभामुखलाई आमन्त्रण गरिएको बैठकमा उपदफा (१) मा उल्लेख भएको आसनको क्रममा दायाँ तर्फ क्रमश मुख्यमन्त्री, सभामुख, विपक्षी दलको नेता, कार्यक्षेत्रसँग सम्बन्धित मन्त्री, उपसभामुख, मन्त्रालयका अन्य पदाधिकारी रहनेगरी आसनको क्रम मिलाइनेछ।

९. **<u>समितिको काम, कर्तव्य र अधिकार:</u>** नियमावलीमा उल्लेख भएका कामका अतिरिक्त नियमावलीको नियम १५३ को क्रमसंङ्ख्या ३. को कार्यक्षेत्रको अधिनमा रही समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, विभिन्न आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने,

(ख) विधेयकको दफावार छलफल गर्ने क्रममा सो सँग सम्बन्धित सरोकारवाला वा विषय विज्ञसँग छलफल र अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने,

(ग) प्रदेश भित्र शासन व्यवस्था, सुशासनको अवस्था, आमसञ्चार, मानव अधिकारको अवस्थाको बारेमा विभिन्न मन्त्रालय,आयोग र निकायलाई आवश्यक निर्देशन दिने,

(घ) प्रदेश भित्र कानुन, न्याय, शान्ती सुरक्षा, सुव्यवस्था, प्रदेश निजामती सेवा, प्रदेश प्रहरी व्यवस्थापन, प्रदेश कानुन कार्यान्वयनको अवस्था र अन्तर प्रदेश तथा

स्थानीय तहसगँको अन्तरसम्बन्ध बारेमा सम्बन्धित मन्त्रालय, निकाय वा आयोगसँग छलफल गरी आवश्यक राय परामर्श र निर्देशन दिने,

(ङ) प्रदेश भित्र विपद व्यवस्थापनको लागि पूर्व तयारी र विपद भईसकेपछिको अवस्था बारेमा सम्बन्धित निकायसँग छलफल गरी आवश्यक निर्देशन दिने,

(च) मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन तथा व्यवस्थापनको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

(छ) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वाशनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

(ज) सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत प्रदेश सरकारले बनाउनु पर्ने नियम बनाएको छ वा छैन, बनाएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मुल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(झ) प्रदेश सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग,समिति र जाँचबुझ आयोग, प्रादेशिक आयोग तथा प्रतिष्ठानसगँ सम्बन्धित विषय र प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(ञ) मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ट) समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने कानून कार्यान्वयनको अवस्था सम्बन्धमा कानून निर्माण भएको तीन वर्ष अवधी पुगेका कानूनको अध्ययन गरी राय सहितको प्रतिवेदन सभामा पेश गर्ने, यसरी समितिले कानून कार्यान्वयनको अध्ययन गर्दा आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय र अन्तर्गतका निकायबाट कानून कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन माग गर्ने,

(ठ) कार्यक्षेत्र अन्तर्गतका संवैधानिक आयोगका काम कारबाहीको अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन दिने, वार्षिक प्रतिवेनमाथि छलफल गरी सुझाव दिने,

(ड) समितिले सरोकारवाला व्यक्ति, संस्था र हित समूह आदिबाट प्राप्त उजूरी, निवेदन तथा गुनासा लगायत समितिको कार्यक्षेत्रमा पर्ने जन सरोकारका विषयमा छलफल गरी आव श्यक निर्देशन दिने, यसरी समितिले छलफल गर्दा आवश्यक ठानेमा निवेदक,उजूरीकर्ता र सूचकलाई बैठकमा आमन्त्रण गर्न सक्ने,

(ढ) आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी पूरा गर्न आवश्यक कार्ययोजना र कार्यतालिका बनाई लागु गर्ने,

(ण) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

(त) बैठकले सुम्पेको अन्य काम गर्ने ।

१०. **<u>सभापतिको काम, कर्तव्य र अधिकारः</u>** नियमावलीमा उल्लेख भएका कामका अतिरिक्त सभापतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक बोलाउने तथा बैठकको अध्यक्षता गर्ने,

(ख) नियमावलीले प्रदान गरेको अधिकार प्रयोग गर्ने,

(ग) समितिबाट निर्णय भएका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने,

(घ) समितिको तर्फबाट अन्य निकायसँग हुने काम, कारवाहीमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ङ) समितिलाई नेतृत्व प्रदान गर्ने,

(च) प्रचलित ऐन, नियम बमोजिम तोकिएका कार्य गर्ने ।

११. **<u>सदस्यको काम, कर्तव्य र अधिकारः</u>** नियमावलीमा उल्लेख भएका कामका अतिरिक्त सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समिति तथा उप-समितिको बैठकमा सहभागिता जनाउने, छलफलमा भाग लिने, विषयमा राय प्रस्तुत गर्ने र आफ्नो राय सहित निर्णय प्रक्रियामा सहभागिता जनाउने,

(ख) आफूलाई प्रदान गरिएको जिम्मेवारी रचनात्मक तथा सृजनात्मक तरिकाबाट निर्वाह गर्ने,

(ग) समिति तथा उप-समितिको काम प्रभावकारी रुपमा सम्पन्न गर्न दत्तचित्त भई कार्य गर्ने,

(घ) समिति तथा उप-समितिले गर्नुपर्ने कामको सन्दर्भमा योजना बनाई बैठकमा पेश गर्ने,

(ङ) आफूलाई प्रदान गरिएका जिम्मेवारी तथा कामको विवरण समिति तथा उप-समितिको बैठकमा राख्ने।

(च) सभापति तथा उप-समितिको संयोजकलाई सहयोग गर्ने,

(छ) समिति तथा उप-समितिबाट भएका कामका सन्दर्भमा सभापति र संयोजकबाट जानकारी लिने,

(ज) सभापति तथा उप-समितिको संयोजकले तोकेको अन्य कार्य गर्ने।

१२. **<u>सचिवको काम, कर्तव्य र अधिकारः</u>** (१) नियमावलीमा उल्लेख भएका कामका अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभापतिको निर्देशनमा छलफलमा सहभागिताका लागि समितिका सदस्य, आमन्त्रित विज्ञ तथा सरोकारवालालाई बैठकमा उपस्थितिका लागि पत्राचार गर्ने,

(ख) सभापतिको अनुमति लिई बैठकमा छलफल क्रममा उठान भएका विषयमा आफ्नो राय राख्न सक्ने र आफूलाई प्रदान गरिएको जिम्मेवारी रचनात्मक तथा सिर्जनात्मक तरिकाबाट निर्वाह गर्ने,

(ग) समितिमा प्राप्त कागजात, समितिमा भएको छलफल, निर्णय र कामकारवाहीसँग सम्बन्धित अभिलेख सभापतिको निर्देशन अनुसार व्यवस्थित गरी राख्ने र त्यस्तो निर्णय र अभिलेख सभापतिको अनुमति विना प्रदेश सभा सचिवालय बाहिर लैजान नहुने,

तर, संविधान र प्रचलित कानुन बमोजिम गोप्य राखु पर्ने विषय वा समितिले गोप्य राखुपर्ने भनी किटान गरेका विषय बाहेक समितिका

अभिलेखको समुचित प्रकाशन वा प्रसारण गर्न यस खण्डले बाधा पुर्याएको मानिने छैन,

(घ) सचिवले आफूले गर्नुपर्ने काम आवश्यकता अनुसार सहायक कर्मचारीलाई लगाउन सक्नेछ त्यस्तो काम गर्नु सहायक कर्मचारीको समेत जिम्मेवारी हुनेछ,

(ङ) समितिको विषयसँग सम्बन्धित कागजात, सूचना वा जानकारी समितिका सदस्यलाई उपलब्ध गराउने,

(२) सचिवको सरुवा, बढुवा, सेवा निवृत वा अन्य कुनै कारणले जिम्मेवारीबाट अलग भएमा आफ्नो जिम्मामा रहेको समितिका सम्पूर्ण अभिलेख सम्बन्धित अधिकारी समक्ष लिखिलरुपमा बरबुझारथ गरि दिनुपर्ने।

१३. **बैठकमा भाग लिन सक्ने:** प्रदेश सभाको कुनै सदस्यले समितिको बैठकमा भाग लिन चाहेमा सभापतिको स्वीकृति लिई सहभागी हुन सक्नेछ। तर त्यस्तो सदस्य र आमन्त्रित सदस्यलाई समितिमा मताधिकार हुने छैन्।

१४. **परामर्श लिन सक्ने:** समितिले अध्ययनको क्रममा सम्बन्धित पक्ष, विभिन्न विषयका विज्ञ तथा सरोकारवाला प्रतिनिधिलाई समितिमा आमन्त्रण गरी आवश्यक परामर्श तथा सुझाव लिन सक्नेछ।

१५. **सहयोग पुऱ्याउनु पर्ने:** समितिको बैठक सञ्चालनमा समितिका सबै सदस्यले सभापतिलाई सहयोग गर्नुपर्नेछ।

१६. **व्यक्ति, निकाय वा पदाधिकारीलाई उपस्थित गराउन सक्ने:** (१) समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित कामको लागि कुनै व्यक्ति, निकाय वा पदाधिकारीलाई उपस्थित गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपस्थित गराइएको व्यक्ति, निकाय वा पदाधिकारीबाट समितिले आवश्यक कुनै कागजात झिकाउन, कुनै विषयमा छलफल गर्न र जानकारी लिन सक्नेछ। साथै आवश्यकता अनुसार स्पष्टीकरण सोध्न र निर्देशन दिन सक्नेछ।

(३) समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक कागजात, सूचना, तथ्यांक वा अन्य सन्दर्भ सामग्री माग गरेमा सो कागजात, सूचना, तथ्यांक वा अन्य सन्दर्भ

सामग्री सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीले समितिमा निर्धारित समयभित्रै पेश गर्नुपर्नेछ।

१७. **<u>संसदीय निगरानी अनुगमन तथा अध्ययन भ्रमणः</u>** समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यले नियमावलीको नियम १५८ को उपनियम (८) बमोजिम सभामुखको पूर्व स्वीकृती लिई कुनै स्थानको स्थलगत अनुगमन, निगरानी र अध्ययन भ्रमण गर्न सक्नेछन्।

१८. **<u>विधेयकको दफावार छलफलः</u>** (१) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विधेयक प्रदेश सभाको बैठकबाट समितिमा दफावार छलफलको लागि प्राप्त भएमा त्यस्तो विधेयकमाथि समितिमा दफावार छलफल हुनेछ।

(२) समितिको बैठकमा विधेयकमाथि दफावार छलफल गर्दा संशोधन पेस गर्ने प्रदेश सभा सदस्य, सम्बन्धित विषय विज्ञ र सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

(३) विधेयक माथि दफावार छलफल समाप्त भएपछि सो सम्बन्धी प्रतिवेदन तयार गरी सभामा पेश गरिनेछ।

१९. **<u>उपसमिति गठन गर्न सक्नेः</u>** (१) समितिले सम्पादन गर्नुपर्ने कुनै काम व्यवस्थित र छिटो छरितो गर्नको लागि समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपसमितिले सम्पादन गर्नुपर्ने काम, कार्यविधि,समय र सो उपसमितिमा रहने सदस्यको नामसहितको प्रस्ताव सभापतिले बैठकसमक्ष निर्णयार्थ प्रस्तुत गर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रस्ताव बैठकबाट स्वीकृत भएपछि उपसमिति गठन भएको मानिने छ। सो उपसमितिले आफ्नो संयोजक र सहसंयोजकमध्ये एकजना महिला पर्ने गरी चयन गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम उपसमिति गठन गर्दा कुनै एक जना सदस्य अर्को उपसमितिमा नपर्ने गरी एकभन्दा वढी उपसमिति गठन गर्न सकिनेछ।

(५) उपसमितिमा राखिएका सदस्यको माग र कामको अनुभवका आधारमा एक पटकको लागि समितिको सभापतिले जिम्मेवारी हेरफेर गर्न सक्नेछ।

(६) उपसमितिले आफ्नो कार्यसम्पादनको सिलसिलामा नियमावलीको नियम १६२ को उपनियम (३) बमोजिम सभापतिसँग पूर्वस्वीकृति लिई कुनै स्थानको भ्रमण गर्न सक्नेछन्।

२०. **<u>प्रतिवेदन प्रस्तुत गर्ने:</u>** दफा १८ बमोजिम गठित उपसमितिले तोकेको समय अवधिभित्रै आफूलाई प्राप्त जिम्मेवारी बमोजिमको कार्य सम्पन्न गरी बैठक समक्ष प्रतिवेदन पेश गर्नेछ।

तर विशेष कारणवश निर्धारित समय अवधिभित्र कार्य सम्पन्न हुन नसकेको कारणसहित उपसमितिले थप समयको माग गरेमा समितिले आवश्यक समय थप गर्न सक्नेछ।

२१. **<u>प्रतिवेदन उपरको छलफल:</u>** उपसमितिबाट प्रस्तुत प्रतिवेदन उपर समितिको बैठकले छलफल गरी आवश्यक निर्णय गर्नेछ।

२२. **<u>सदस्यलाई ध्यानाकर्षण:</u>** समिति, उप-समितिमा रहेर जिम्मेवारी पुरा नगर्ने सदस्यको कामको मुल्यांकन गर्दै सभापतिले बैठक मार्फत सम्बन्धित सदस्यलाई ध्यानाकर्षण गराउन सक्नेछ।

२३. **<u>लगातार अनुपस्थितिको कारबाही:</u>** कुनै जानकारी बिना समितिको सदस्य लगातार तीन वटा बैठकमा अनुपस्थित भएमा सभापतिले सचेत गराउन सक्नेछ र लगातार पाँच वटा बैठकमा अनुपस्थित भएमा समिति सदस्यलाई सभापतिको सिफारिसमा सभामुखले समिति सदस्यबाट हटाउन सक्नेछ र सो को जानकारी सभालाई गराउनेछ।

२४. **<u>आचरण र व्यवहार:</u>** नियमावलीको व्यवस्था अनुसार आचरण र व्यवहारको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

२५. **<u>समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा:</u>** (१) समितिले वर्षभरिमा गरेका सबै काम कारबाहीको प्रतिवेदन तयार गर्न एक उपसमिति बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको प्रतिवेदन समितिमा पेश भएपछि समितिले सो प्रतिवेदन माथि छलफल गरी प्रतिवेदनमा समितिका निर्णय कार्यान्वयन स्थितिको तुलनात्मक विवरण र समितिको सुझाव समेत समावेश गरी पारित गर्नेछ र सभामा पेश गर्नेछ।

(३) सभामा पेश भएको प्रतिवेदन सम्बन्धित मन्त्रीले कार्यान्वयन गर्नुपर्नेछ र कार्यान्वयनको अवस्थाको जानकारी नियमितरुपमा समितिलाई गराउनु पर्नेछ।

(४) समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन सभामा पेश गर्न सक्नेछ।

(४) समितिले प्रतिवेदनमाथि सभामा छलफल गर्न सभामुखसगँ परामर्श गर्न सक्नेछ।

२६. **व्याख्या:** यो कार्यविधिको व्याख्या गर्ने अधिकार सभापतिलाई हुनेछ।

२७. **संशोधनः** समितिले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

२८. **खारेजी र बचाउः** (१) प्रदेश मामिला समितिको कार्यविधि,२०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

# अनुसुचि- २

## गण्डकी प्रदेश सभा

## प्रदेश मामिला तथा कानून समिति

**"गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा समितिले तयार पारेको प्रतिवेदन —**

१. गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० (यसपछि "विधेयक" भनिएको) को दफा २ को,-

(१)खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "अनलाइन सञ्चार माध्यम" भन्नाले आधिकारिक निकायमा दर्ता भई इन्टरनेटको प्रयोगबाट पत्रकारिता गरिने सञ्चार माध्यम सम्झनु पर्छ।"

(२) खण्ड (ख) झिकी त्यसपछिका खण्डको क्रम मिलाउने।

(३) साबिक खण्ड (झ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखेः-

"(ज) "छापासञ्चार" भन्नाले समाचारपत्र, पत्रिका, कला, साहित्य, विज्ञान, पर्यटन र चलचित्र लगायतका विभिन्न विधालाई समेटी प्रकाशन हुने सञ्चार सामग्री सम्झनुपर्छ।"

(४) देहाय बमोजिमको परिभाषा थप गरी वर्णानुक्रम मिलाउनेः-

"प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनुपर्छ।

२. विधेयकको परिच्छेद -२ को "परिच्छेद" शीर्षकमा रहेका "सञ्चार समन्वय समिति" भन्ने शब्दहरुको सट्टा "समितिको गठन, काम, कर्तव्य र अधिकार" भन्ने शब्दहरु राख्ने।

३. विधेयकको दफा ३ को,-

(६)दफा शीर्षकमा रहेका "सञ्चार समन्वय" भन्ने शब्दहरु झिक्ने।

(७)उपदफा (२) पछि रहेका उपदफाको क्रम मिलाउने।

(८)साबिक उपदफा (२) उपदफा क्रम मिलाउँदा कायम हुन आउने उपदफा (३) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२)" भन्ने शब्दहरु राख्ने।

(९)साबिक उपदफा (३) उपदफा क्रम मिलाउँदा कायम हुन आउने उपदफा (४) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राख्ने।

(१०) साबिक उपदफा (३) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (४) पछि देहायको उपदफा (५) थप गर्नेः-

"(५) उपदफा (२) को खण्ड (छ) बमोजिमको मनोनीत सदस्यको योग्यता तोकिए बमोजिम हुनेछ।"

४. विधेयकको दफा ४ मा रहेका "सञ्चार समन्वय" भन्ने शब्दहरु झिक्ने।

५. विधेयकको दफा ५ को उपदफा (३) मा रहेका "अध्यक्ष समेत पचास प्रतिशतभन्दा बढी" भन्ने शब्दहरुको सट्टा "कम्तीमा एकाउन्न प्रतिशत" भन्ने शब्दहरु राख्ने।

६. विधेयकको दफा ६ को,-

(६)उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) उपदफा (१) बमोजिमको प्रेस रजिष्ट्रारको नियुक्तिको लागि प्रदेश सरकारको सञ्चार सम्बन्धी विषय हेर्ने मन्त्री वा सो विषय हेर्ने मन्त्री अलग्गै नभएमा मुख्यमन्त्रीले तोकेको मन्त्रीको संयोजकत्वमा मन्त्रालयले तोकेको आमसञ्चार क्षेत्रको विज्ञ र मन्त्रालयको सचिव रहने तीन सदस्यीय छनौट समितिको गठन गर्नेछ।

(७)उपदफा (३) मा रहेका "मन्त्रालय समक्ष" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार समक्ष" भन्ने शब्दहरु राख्ने।

(८)उपदफा (३) पछि देहायको उपदफा (४) थप गरी त्यसपछिका उपदफाको क्रम मिलाउनेः-

"(४) उपदफा (३) बमोजिम सिफारिस भएका मध्येबाट प्रदेश सरकारले एकजनालाई प्रेस रजिष्ट्रारको पदमा नियुक्त गर्नेछ।"

(९) साबिकको उपदफा (५) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नेः-

"(६) उपदफा (१) बमोजिम नियुक्त प्रेस रजिष्ट्रारले प्रदेश सरकारको एघारौं तहको कर्मचारीले पाउने सुरु तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ।"

(१०) साबिकको उपदफा (७) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (८) को सट्टा देहायको उपदफा (८) राख्नेः-

"(८) उपदफा (१) बमोजिम प्रेस रजिष्ट्रार नियुक्त नभएसम्मको लागि प्रदेश सरकारले मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुखलाई प्रेस रजिष्ट्रारको रुपमा काम काज गर्न तोक्न सक्नेछ।"

७. विधेयकको दफा ७ को खण्ड (घ) र (ङ) को सट्टा देहायका खण्ड (घ) र (ङ) राख्ने;-

"(घ) मान्यताप्राप्त विश्वविद्यालयबाट पत्रकारिता, आमसञ्चार, सूचना प्रविधि र कानून मध्ये कुनै एक विषयमा स्नात्तकोत्तर तह उत्तीर्ण गरेको,

(ङ) पत्रकारिता, आमसञ्चार, सूचना प्रविधि र कानून मध्ये कुनै एक क्षेत्रमा कम्तीमा "पन्ध्र" वर्षको अनुभव हासिल गरेको,"

८. विधेयकको दफा ८ को सट्टा देहायको दफा ८ राख्नेः-

"**८.<u>पद मुक्त हुने अवस्था</u>**ः (१) देहायको अवस्थामा प्रेस रजिष्ट्रार पदमुक्त हुनेछः-

(ञ) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ट) निजको मृत्यु भएमा,

(ठ)निजको पदावधि पूरा भएमा,

(ड)निजको उमेर साठी वर्ष पूरा भएमा,

(ढ)निज शारीरिक वा मानसिक रुपमा अशक्त भई कार्यसम्पादन गर्न असमर्थ रहेको भनी विज्ञ सम्मिलित तोकिए बमोजिमको समितिको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गरेमा,

(ण)निजको काम सन्तोषजनक नभएमा वा कार्यक्षमताको अभाव भएमा वा निज खराब आचरणमा लागेमा वा पदीय कर्तव्यको पालना इमान्दारीपूर्वक नगरेको भनी प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(त)नैतिक पतन देखिने फौजदारी अभियोगबाट कसूरदार ठहरिएमा,

(थ)विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र लिएमा,

(द)प्रचलित कानूनले अयोग्य ठहरिएमा।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम प्रेस रजिष्ट्रारलाई पदमुक्त गर्नु अघि निजलाई आफ्नो सफाई पेस गर्न मनासिब मौका दिनु पर्नेछ।"

९. विधेयकको दफा ९ को,-

(७) खण्ड (क) मा रहेका "मन्त्रालय समक्ष" भन्ने शब्द पछि "वार्षिक" भन्ने शब्द थप गर्ने।

(८) खण्ड (ख) मा रहेका "आमसञ्चार माध्यमको" भन्ने शब्दहरुको सट्टा "आमसञ्चार संस्थाको" भन्ने शब्दहरु राख्ने।

(९) खण्ड (ङ) मा रहेका "निर्माण गर्ने" भन्ने शब्दहरुको सट्टा "निर्माण गरी मन्त्रालय समक्ष पेस गर्ने" भन्ने शब्दहरु राख्ने।

(१०) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नेः-

"(ञ) आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र मन्त्रालय समक्ष पेस गर्ने,

(११) खण्ड (ट) मा रहेका "सम्बन्धमा" भन्ने शब्द पछाडि "प्रदेश सरकार समक्ष" भन्ने शब्दहरु थप गर्ने।

(१२) खण्ड (ठ) मा रहेका "सुविधाको विषयमा" भन्ने शब्द पछाडि "प्रदेश सरकार समक्ष" भन्ने शब्दहरु थप गर्ने।

१०. विधेयकको दफा १८ मा रहेका "मन्त्रालयको सिफारिसमा मात्र" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकारको सिफारिसमा" भन्ने शब्दहरु राख्ने।

११. विधेयकको दफा २१ को खण्ड (ग) मा रहेका "सम्भव भएसम्म" भन्ने शब्दहरु झिक्ने।

१२. विधेयकको दफा २४ को,-

(३) उपदफा (१) को खण्ड (ङ) मा रहेका "धर्म," भन्ने शब्द पछाडि "क्षेत्र," भन्ने शब्द थप गर्ने।

(४) उपदफा (२) मा रहेका "विज्ञापनदाता वा प्रकाशक वा प्रसारण संस्थाले" भन्ने शब्दहरुको सट्टा" विज्ञापनकर्ताले" भन्ने शब्द राखि देहाय बमोजिमको स्पष्टीकरण थप गर्नेः-

"<u>**स्पष्टीकरणः**</u> यस दफाको प्रयोजनको लागि "विज्ञापनकर्ता" भन्नाले विज्ञापनदाता, विज्ञापन उत्पादक, निर्माता, प्रकाशक र प्रसारण संस्था समेतलाई सम्झनु पर्छ।"

१३. विधेयकको दफा २६ को,-

(४) उपदफा (७) मा रहेका "अध्यक्ष समेत पचास प्रतिशतभन्दा बढी" भन्ने शब्दहरुको सट्टा "कम्तीमा एकाउन्न प्रतिशत" भन्ने शब्दहरु राख्ने।

(५) उपदफा (१०) को खण्ड (छ) मा रहेका "निर्माता" भन्ने शब्द पछाडि "प्रकाशक" भन्ने शब्द थप गर्ने।

(६) ठाउँठाउँमा रहेका "समितिको" भन्ने शब्दको सट्टा "अनुगमन तथा नियमन समितिको" भन्ने शब्दहरु राख्ने।

१४. विधेयकको दफा ३१ मा रहेका "इन्टरनेटबाट हटाउन समेत" भन्ने शब्दहरुको सट्टा "इन्टरनेटबाट हटाउन निर्देशन दिन" भन्ने शब्दहरु राख्ने।

१५. विधेयकको दफा ३३ को उपदफा (१) मा रहेका "समय समयमा" भन्ने शब्दहरु झिक्ने।

१६. विधेयकको दफा ३४ को उपदफा (३) मा रहेका "माग भए बमोजिमको विवरण पेस गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ" भन्ने शब्दहरुको सट्टा "माग भए बमोजिमको विवरण सम्बन्धित संस्थाले पेस गर्नु पर्नेछ" भन्ने शब्दहरु राख्ने।

१७. विधेयकको दफा ४१ को सट्टा देहायको दफा ४१ राख्नेः-

"४१. **आमसञ्चार माध्यमको स्वामित्व हस्तान्तरणः** यस ऐन बमोजिम अभिलेखीकरण भएको आमसञ्चार माध्यमको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्ति वा संस्थाले सात दिन भित्रमा सोको जानकारी तोकिएको ढाँचामा कार्यालयलाई दिनु पर्नेछ र कार्यालयले तत्सम्बन्धी विवरण दर्ता किताबमा अभिलेख गर्नु पर्नेछ।"

१८. विधेयकको दफा ४३ को उपदफा (८) पछि देहाय बमोजिमको स्पष्टीकरण थप गर्नेः-

"**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "स्वतन्त्र पत्रकार" भन्नाले कुनै पनि सञ्चार संस्थासँग पारिश्रमिक वा सुविधा लिने गरी आबद्ध नभई स्वतन्त्ररुपमा पत्रकारिता गर्ने व्यक्ति सम्झनु पर्छ।"

१९. विधेयकको दफा ४४ को खण्ड "(ख) मा रहेका "धर्म," भन्ने शब्द पछि "क्षेत्र," भन्ने शब्द थप गर्ने।

२०. विधेयकको दफा ४७ को उपदफा (२) मा रहेका "संघीय कानून बमोजिम सजाय हुनेछ" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिम कारबाही र किनारा हुनेछ" भन्ने शब्दहरु राख्ने।

२१. विधेयकको दफा ४९ को सट्टा देहायको दफा ४९ राख्नेः-

"४९ **<u>मुद्दा हेर्ने अधिकारीः</u>** दफा ४७ को उपदफा (१) र (३) बमोजिमको मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार प्रेस रजिष्ट्रारलाई हुनेछ।"

२२. विधेयकको दफा ५० मा रहेका "दफा ४९ को उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "दफा ४९ बमोजिम" भन्ने शब्दहरु राख्ने।

२३.विधेयकको दफा ५१ झिकि त्यसपछिका दफाको क्रम मिलाउने।

२४. विधेयकको साबिक दफा ५४ दफाक्रम मिलाउँदा कायम हुने दफा ५३ मा रहेका "मन्त्रालयले" भन्ने शब्दको सट्टा "प्रदेश सरकारले" भन्ने शब्द र "त्यस्तो निर्देशनको पालना गर्नु प्रेस रजिष्ट्रारको कर्तव्य हुनेछ" भन्ने शब्दहरुको सट्टा "प्रेस रजिष्ट्रारले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ" भन्ने शब्दहरु राख्ने।

२५. विधेयकको साबिक दफा ५४ दफाक्रम मिलाउँदा कायम हुने दफा ५३ पछि देहाय बमोजिमका दफा ५४, ५५, ५६ र ५७ थप गर्ने :-

"**५४. <u>पुरस्कार प्रदान गर्न सकिनेः</u>** प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यमलाई प्रदेश सरकारले तोकिए बमोजिम पुरस्कृत गर्न सक्नेछ।"

"**५५. <u>समावेशी सिद्धान्त अपनाउनु पर्नेः</u>** यस ऐनको दफा ३ र दफा २६ बमोजिम मन्त्रालयले समितिका सदस्यको मनोनयन गर्दा समावेशी सिद्धान्तलाई अपनाउनुपर्नेछ।"

"**५६. <u>लोक कल्याणकारी विज्ञापन सम्बन्धी व्यवस्थाः</u>** लोक कल्याणकारी विज्ञापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

"**५७. <u>विशेष सहुलियत दिन सकिनेः</u>** सीमान्तीकृत समुदाय, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिबाट सञ्चालित आमसञ्चार माध्यमलाई प्रदेश सरकारले तोकिए बमोजिम विशेष सहुलियत दिने व्यवस्था गर्न सक्नेछ।"

२६. विधेयकको साबिक दफा ५५ दफाक्रम मिलाउँदा कायम हुने दफा ५८ को सट्टा देहायको दफा ५८ राख्नेः-

"**५८. <u>अधिकार प्रत्यायोजनः</u>** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार प्रेस रजिष्ट्रारले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।"

२७. विधेयकको साबिक दफा ५६ दफाक्रम मिलाउँदा कायम हुने दफा ५९ पछि देहाय बमोजिमका दफा ६०, ६१, ६२ र ६३ थप गरी त्यसपछिको साबिक दफा ५७ झिक्ने।

"६०. **<u>अनुसूची हेरफेरः</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।"

"६१. **<u>नियम बनाउने अधिकारः</u>** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियम बनाउन सक्नेछ।"

"६२. **<u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः</u>** (१) प्रदेश सरकारले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।"

"६३. **<u>ऐन कार्यान्वयन मापनः</u>** मन्त्रालयले यो ऐन प्रारम्भ भएको पाँच वर्ष पुगेको एक वर्ष भित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन प्रदेश सभाको सम्बन्धित समितिमा पेस गर्नेछ।"

# अनुसूची- ३
# गण्डकी प्रदेश सभा
# प्रदेश मामिला तथा कानून समिति

म्याग्दी, मुस्ताङ्ग, लमजुङ र गोरखा जिल्लामा अवस्थित रहेका कारागार, जिल्ला स्थित सरकारी कार्यालयहरुको सेवा प्रवाह, उत्तरी सिमाना कोराला नाकाको अनुगमन तथा निरीक्षण कार्यक्रमको प्रतिवेदन ।

## पृष्ठभूमि

गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०८० को नियम १५३ बमोजिम गण्डकी प्रदेश सभामा प्रदेश मामिला तथा कानून समिति, सार्वजिनिक लेखा समिति, सामाजिक विकास तथा कृषि समिति र अर्थ तथा विकास समिति रहेका छन् र ति समितिहरुको कार्यक्षेत्र समेत निर्धारण गरिएको छ।

## प्रदेश मामिला समिति र यसको कार्य क्षेत्र

गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०८० को नियम १५३ को खण्ड ३ अनुसार "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, आन्तरिक मामिला ,कानून तथा न्याय, सुशासन, मानव अधिकार, अन्तर प्रदेश एवं स्थानीय तहसँगको अन्तर सम्बन्ध, आमसञ्चार सम्बन्धी बिषय र सम्बद्ध बिषय तथा निकाय" प्रदेश मामिला  तथा कानून समितिको लागि कार्यक्षेत्र तोकिएको छ ।

## समितिको बैठक र निर्णय

सामन्यतया प्रदेश मामिला तथा कानून समितिको बैठक आवश्यकतानुसार, समितिका सभापतिको आदेशानुसार र आकस्मिक रुपमा पनि बस्ने गरेको छ । मिति २०८१ असार ०६ गते बसेको सत्रौ बैठक र २०८१ आश्विन १९ गते उन्नाइसौ बैठक बसेर सोहि दिनको बैठकको निर्णय नं. २ मा निम्नानुसार निर्णय भएको छ ।

- गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानून समितिबाट लमजुङ र गोरखा जिल्लामा रहेका कारागारको  निरीक्षण, जिल्लास्थित सरकारी कार्यालयको सेवा प्रवाहको बारेमा अनुगमन, निरीक्षण तथा अन्तरक्रिया कार्यक्रम मिति २०८१ असार १९ गते देखि २४ गते सम्म सञ्चालन गर्ने निर्णय गरियो।

- गण्डकी प्रदेश सभा, प्रदेश मामिला तथा कानून समितिबाट म्याग्दी र मुस्ताङ जिल्लामा रहेका कारागार निरीक्षण, जिल्लास्थित सरकारी कार्यालयको सेवा प्रवाहको बारेमा अनुगमन, निरीक्षण जिल्ला प्रशासन कार्यालयमा अन्तरक्रिया र लोमान्थाङ्ग गाउँपालिका, मुस्ताङमा अवस्थित गण्डकी प्रदेशको चीनसँग जोडिएको महत्वपूर्ण सीमा नाका कोराला नाकाको स्थलगत अनुगमन, निरिक्षण एवं लोमन्थाङ्ग गाउँपालिकाका जनप्रतिनिधी र स्थानीय जनताहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी प्रदेश सरकारलाई सुझाव सहितको प्रतिवेदन पेश गर्नको लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम मिति २०८१ कार्तिक ०४ गते देखि २०८१ कार्तिक १० गते सम्म सञ्चालन गरियो।

## भ्रमणको उद्धेश्य

प्रदेश मामिला तथा कानून समितिको निर्णयानुसार लमजुङ, गोरखा  मुस्ताङ र म्याग्दी जिल्ला कारागारको निरीक्षण, सरकारी कार्यालयको सेवा प्रवाहको बारेमा अनुगमन तथा अन्तरक्रिया कार्यक्रम, र गण्डकी प्रदेशकै महत्वपुर्ण मानिएको छिमेकी मुलुक चिनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको लोमान्थाङ्ग गाउँपालिकामा पर्ने कोराला नाकाको स्थलगत अनुगमन र त्यहाँका स्थानीय जनप्रतिनिधी र जनताहरुसँग योजना कार्यक्रमका सम्बन्धमा कार्यालय प्रमुखसँग अन्तरक्रिया कार्यक्रम गरी लोमान्थाङ्ग गाउँपालिकामा देखिएको सामाजिक, आर्थिक, सांस्कृतिक प्रभाव र यसैगरी मुस्ताङ्ग र म्याग्दी जिल्लाको साथसाथै समग्र गण्डकी प्रदेशको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षमाथि परेको र पर्न जाने सकारात्मक विषयहरुमा गण्डकी प्रदेश सरकारमा सुझाव पेश गर्ने ।

## भ्रमण अवधि

प्रदेश मामिला तथा कानून समितिको मिति २०८१/०३/०६ को निर्णय अनुसार मिति २०८१/०३/१९ देखि २४ सम्म ५ दिन र मिति २०८१/०६/१९ गते बसेको निर्णयानुसार भ्रमण अवधि मिति २०८१/०७/०४ गते देखि २०८१/०७/१० गतेसम्म ७ दिनको रहेको थियो ।

## अध्ययन, अवलोकन भ्रमण खर्चमा सहभागि माननीय सदस्यहरु र कर्मचारीहरु

प्रदेश मामिला समितिका तपशिल बमोजिमका माननीय सदस्यहरु र समितिका कर्मचारीहरु, अध्ययन, अवलोकन भ्रमण कार्यक्रममा सहभागि हुनुभएको थियो ।

## माननीय सदस्यहरु

माननीय सभापति श्री चम्पादेवी खड्का

माननीय सदस्य श्री नन्द प्रसाद न्यौपाने

माननीय सदस्य गोबिन्द बहादुर नेपाली

माननीय सदस्य कुसुम बुढा पुन

माननीय सदस्य श्री देवका पाहारी,त्रिपाठी

माननीय सदस्य श्री विकल शेरचन

माननीय सदस्य मित्रलाल बस्याल

माननीय सदस्य मुनिन्द्र जंग गुरुङ

माननीय सदस्य रेखा गुरुङ

माननीय सदस्य श्री रोसन बहादुर गाहा थापा

## कर्मचारीहरु

अधिकृत सातौं कमला पौडेल

अधिकृत छैठौं झनकराज अधिकारी

अधिकृत छैठौं तोयनाथ तिमिल्सिना

अधिकृत छैठौं दिनेश कुमार केसी

माईक संचालक गीता दवाडी

# कारागार निरीक्षण

## १-म्याग्दी जिल्लाः-

- कारागार रहेको स्थान (बेनी न.पा.- २ खबरे, म्याग्दी)
- कार्यालय प्रमुखको नाम, सम्पर्क नं.- प्रतिज्ञा सुबेदी, ९८५७६७४७७७
- कुल कैदी बन्दीहरुको संख्या -९२ (महिला ५ पुरुष ८७)
- नाबालक बच्चाहरु नरहेको ।
- कारागारको क्षमता - ३२

## भौतिक पूर्वाधारको अवस्था

- भवन कच्ची ।
- कैदीबन्दी बस्ने कोठाको अवस्था -सन्तोषजनक नरहेको ।
- कैदीबन्दीगृहमा पर्याप्त उज्यालो र हावा आवागमनको व्यवस्था नभएको ।
- सुत्नको लागि भुई खाट पर्याप्त नभएको, म्याटमा सुत्ने गरेको ।
- पक्की शौचालयको अवस्था रहेको, प्रर्याप्त नरहेको ।शौचालयमा पानीको व्यवस्था प्रर्याप्त नरहेको ।
- शौचालयको सरसफाईको अवस्था सन्तोषजनक रहेको ।
- कारागार परिसरमा खुल्ला चौर रहेको तर प्रयाप्त नभएको ।
- कारागारमा संचार, टेलिफोन ,पत्रपत्रिका र खेलकुदको सामाग्री सिमित रहेको ।
- विद्युतको अवस्था राम्रो रहेको ।
- नुहाउन, लुगा धुन र सरसफाई गर्न पानी प्रयाप्त नभएको ।
- खाना बनाउन पिउनको लागि पानीको अभाव रहेको ।
- खाने पानी सिधै धाराको पिउने गरेको ।
- भेटघाट कक्ष साँगुरो भएको ।
- कैदीबन्दीलाई प्रतिदिन ७०० ग्राम चामल नगद रु. ८०।- दिने गरेको अन्य व्यवस्था केहि नभएको ।
- कारागारको चौकीदार र कैदीबन्दीको नाइके र कैदी बन्दी बिच सम्वन्ध सुमधुर रहेको।
- कार्यालय र कैदीबन्दी बिचको सम्वन्ध राम्रो रहेको ।

## तालिम सम्वन्धी व्यवस्था

- कैदीबन्दीहरुलाई सिपमूलक तालिमको व्यवस्था (मोडा बनाउने बाहेक) अन्य कुनै सिपमुलक कार्यको व्यवस्था नभएको ।

- उत्पादन गरेका सामग्री (मोडा) को बजार अवस्था राम्रो नभएको ।
- कैदीबन्दीको स्वास्थ्य उपचारको लागि १ जना अ.हे.व.को दरवन्दी रहेको र समय समयमा बिभिन्न शिविर सञ्चालन गरि कैदीबन्दीका आँखा, क्षयरोग, एच.आई.भि. सम्बन्धी रोगको परिक्षण गरेको पाईएको ।
- कारागारमा यातायातको सुविधा नभएको र सवारी साधन आवश्यक रहेको ।
- नेपाल प्रहरी सहायक निरीक्षकको नेतृत्वमा २० जनाको सुरक्षा व्यवस्था रहेको ।
- सुरक्षा निकाय र कार्यालय बिच सुमधुर सम्वन्ध रहेको ।
- सिलाई कटाइको तालिम लिएर सरकारी स्कूलका ड्रेसहरु तयार गरी आय आर्जन समेत गर्ने गरेको पाइएको ।

## २) मुस्ताङ जिल्लाः-

- कारागार रहेको स्थान -घरपझोङ गा.पा.-३ मुस्ताङ
- कार्यालय प्रमुखको नाम, सम्पर्क नं. - सन्तोष गौतम, ९८५७६७२७७७
- कुल कैदीबन्दीहरुको संख्या -१० (महिला छैन, पुरुष १०)
- नाबालक बच्चाहरु नरहेको ।
- कारागारको क्षमता — २० जना।

### <u>भौतिक पूर्वाधारको अवस्था</u>

- भवन कच्ची ।
- कैदीबन्दी बस्ने कोठाको अवस्था सन्तोषजनक नरहेको ।
- कैदीबन्दी गृहमा प्रयाप्त उज्यालो र हावा आवागमनको व्यवस्था नभएको ।
- सुत्नको लागि भुई खाट नभएको म्याटमा सुत्ने गरेको ।
- पक्की शौचालयको अवस्था रहेको तर प्रर्याप्त नरहेको । शौचालयमा पानीको व्यवस्था प्रयाप्त नरहेको ।
- शौचालयको सरसफाईको अवस्था सन्तोषजनक रहेको ।
- कारागार परीसरमा खुल्ला चौर रहेको तर प्रयाप्त नभएको ।
- कारागारमा संचार, टेलिफोन, पत्रपत्रिका र खेलकुदको सामाग्री सिमित रहेको ।
- विद्युतको अवस्था - राम्रो रहेको ।
- नुहाउन, लुगा धुन र सरसफाई गर्न पानी प्रयाप्त नभएको ।
- खाना बनाउन पिउनको लागि पानीको अभाव रहेको ।
- खाने पानी सिधै धाराको पिउने गरेको ।

- भेटघाट कक्ष साँगुरो भएको ।
- कैदीबन्दीलाई प्रतिदिन ७०० ग्राम चामल र रु. ८० दिने गरेको अन्य व्यवस्था केहि नभएको
- कारागारको चौकीदार र कैदीबन्दीको नाइके र कैदीबन्दी बिच सम्वन्ध सुमधुर रहेको ।
- कार्यालय र कैदीबन्दी बिचको सम्वन्ध राम्रो रहेको ।

## तालिम सम्वन्धी व्यवस्था

- कैदीबन्दीहरुलाई सिपमूलक तालिमको व्यवस्था (मोडा बनाउने बाहेक) अन्य कुनै सिपमुलक कार्यको व्यवस्था नभएको ।
- उत्पादन गरेका सामाग्री (मोडा) को बजार अवस्था राम्रो नभएको ।
- कैदीबन्दीको स्वास्थ्य उपचारको लागि १ जना अ.हे.व.को दरवन्दी रहेको र समय समयमा विभिन्न शिविर सञ्चालन गरि कैदीबन्दीका आँखा, क्षयरोग, एच.आई.भि.सम्बन्धी रोगको परिक्षण गरिएको ।
- कारागारको आफ्नै यातायातको साधन नभएको ।
- नेपाल प्रहरी नायव निरीक्षकको नेतृत्वमा १० जनाको सुरक्षा व्यवस्था रहेको ।
- सुरक्षा निकाय र कार्यालय बिच सुमधुर सम्वन्ध रहेको ।

## कारागार निरीक्षण गर्दा देखिएका समस्याहरुः-

- कारागारको क्षमता भन्दा बढी कैदीबन्दीहरु रहेको (म्याग्दी) ।
- भवनहरु पुराना रहेका, भित्ता, छत, भुई,  झ्याल, ढोका जिर्ण तथा कमजोर रहेका ।
- कारागारमा कैदी कैदी बन्दीहरु लाई भेट्ने छुटै र व्यवस्थित कक्ष नरहेको ।
- ट्वाईलेट तथा बाथरुममा पानी को सहजता नभएको ।
- कारागारमा यातायातको साधनको अभाव रहेको ।
- टेलीफोन पत्रपत्रिका खेलकुदका सामाग्री आंशिक रहेको, प्रयाप्त नरहेको ।
- कारागारमा कैदीबन्दी अनुसारको स्वास्थकर्मीको अभाव रहेको ।
- कैदीबन्दी लाई सिधै धाराबाट आएको खानेपानी उपलब्ध गराईएको ।
- कैदीबन्दी लाई समय सापेक्ष  सिपमुलक तालिमको अभाव रहेको ।
- केदीबन्दीहरु भुईमा सुत्ने गरेको खाट को व्यवस्था नभएको ।
- कैदीबन्दी गृहमा प्रयाप्त उज्यालो र हावा आगमन र खुला चौरको कमी रहेको ।

## ३) लमजुङ जिल्लाः-

- कारागार रहेको स्थान —बेशीशहर नगरपालिका ८ शेरा बजार ।
- कार्यालय प्रमुखको नाम, सम्पर्क नं. — राधिका शाही , ९८५६०८५७७७
- कुल कैदीबन्दीहरुको संख्या -११० (महिला ५, पुरुष १०५)
- नाबालक बच्चाहरु नरहेको ।
- कारागारको क्षमता — ३५ जना।

## भौतिक पूर्वाधारको अवस्था

- भवन कच्ची ।
- कैदीबन्दी बस्ने कोठाको अवस्था - सन्तोषजनक नरहेको ।
- कैदीबन्दी गृहमा प्रयाप्त उज्यालो र हावा आवागमनको व्यवस्था नभएको ।
- सुत्नको लागि भुई खाट नभएको म्याटमा सुत्ने गरेको ।
- पक्की शौचालयको अवस्था रहेको तर प्रर्याप्त नरहेको । शौचालयमा पानीको व्यवस्था प्रयाप्त नरहेको ।
- शौचालयको सरसफाईको अवस्था सन्तोषजनक रहेको ।
- कारागार परीसरमा खुल्ला चौर रहेको तर प्रयाप्त नभएको ।
- कारागारमा संचार, टेलिफोन, पत्रपत्रिका र खेलकुदको सामाग्री सिमित रहेको ।
- विद्युतको अवस्था - राम्रो रहेको ।
- नुहाउन, लुगा धुन र सरसफाई गर्न पानी प्रयाप्त नभएको ।
- खाना बनाउन पिउनको लागि पानीको अभाव रहेको ।
- खाने पानी सिधै धाराको पिउने गरेको ।
- भेटघाट कक्ष साँगुरो भएको ।
- कैदीबन्दीलाई प्रतिदिन ७०० ग्राम चामल र रु. ८०।- दिने गरेको अन्य व्यवस्था केहि नभएको ।
- कारागारको चौकीदार र कैदीबन्दीको नाइके र कैदीबन्दी बिच सम्वन्ध सुमधुर रहेको ।
- कार्यालय र कैदी बन्दी बिचको सम्वन्ध राम्रो रहेको ।

**<u>तालिम सम्वन्धी व्यवस्था</u>**

- कैदीबन्दीहरुलाई सिपमूलक तालिमको व्यवस्था (मोडा बनाउने बाहेक) अन्य कुनै सिपमुलक कार्यको व्यवस्था नभएको ।
- उत्पादन गरेका सामाग्री (मोडा) को बजार अवस्था राम्रो नभएको ।
- कैदीबन्दीको स्वास्थ्य उपचारको लागि १ जना अ.हे.व.को दरवन्दी रहेको र समय समयमा विभिन्न शिविर सञ्चालन गरि कैदीबन्दीका आँखा, क्षयरोग, एच.आई.भि.सम्वन्धी रोगको परिक्षण गरिएको ।
- कारागारको आफ्नै यातायातको साधन नभएको ।
- नेपाल प्रहरी नायव निरीक्षकको नेतृत्वमा १९ जनाको सुरक्षा व्यवस्था रहेको ।
- सुरक्षा निकाय र कार्यालय बिच सुमधुर सम्वन्ध रहेको ।

## ४) गोरखा जिल्लाः-

- कारागार रहेको स्थान —गोरखा नगरपालिका-६ हरमटारी
- कार्यालय प्रमुखको नाम, सम्पर्क नं. — रिम बहादुर जि. टी. ९८५६०८६७७७
- कुल कैदी बन्दीहरुको संख्या -१०४(महिला ९, पुरुष ९५)
- नाबालक बच्चाहरु नरहेको ।
- कारागारको क्षमता — ५५ जना।

**<u>भौतिक पूर्वाधारको अवस्था</u>**

- भवन कच्ची ।
- कैदीबन्दी बस्ने कोठाको अवस्था - सन्तोषजनक नरहेको ।
- कैदीबन्दी गृहमा प्रयाप्त उज्यालो र हावा आवागमनको व्यवस्था नभएको ।
- सुत्नको लागि भुई खाट नभएको म्याटमा सुत्ने गरेको ।
- पक्की शौचालयको अवस्था रहेको तर प्रर्याप्त नरहेको । शौचालयमा पानीको व्यवस्था प्रयाप्त नरहेको ।
- शौचालयको सरसफाईको अवस्था सन्तोषजनक रहेको ।
- कारागार परीसरमा खुल्ला चौर रहेको तर प्रयाप्त नभएको ।
- कारागारमा संचार, टेलिफोन, पत्रपत्रिका र खेलकुदको सामाग्री सिमित रहेको ।
- विद्युतको अवस्था - राम्रो रहेको ।
- नुहाउन, लुगा धुन र सरसफाई गर्न पानी प्रयाप्त नभएको ।

- खाना बनाउन पिउनको लागि पानीको अभाव रहेको ।
- खाने पानी सिधै धाराको पिउने गरेको ।
- भेटघाट कक्ष साँगुरो भएको ।
- कैदी बन्दीलाई प्रतिदिन ७०० ग्राम चामल र रु ८०।- दिने गरेको अन्य व्यवस्था केहि नभएको
- कारागारको चौकीदार र कैदीबन्दीको नाइके र कैदीबन्दी बिच सम्वन्ध सुमधुर रहेको ।
- कार्यालय र कैदीबन्दी बिचको सम्वन्ध राम्रो रहेको ।

## तालिम सम्वन्धी व्यवस्था

- कैदी बन्दीहरुलाई सिपमूलक तालिमको व्यवस्था (मोडा बनाउने बाहेक) अन्य कुनै सिपमुलक कार्यको व्यवस्था नभएको ।
- उत्पादन गरेका सामाग्री (मोडा) को बजार अवस्था राम्रो नभएको ।
- कैदीबन्दीको स्वास्थ्य उपचारको लागि १ जना अ.हे.व.को दरवन्दी रहेको र समय समयमा विभिन्न शिविर सञ्चालन गरि कैदीबन्दीका आँखा, क्षयरोग, एच.आई.भि.सम्वन्धी रोगको परिक्षण गरिएको ।
- कारागारको आफ्नै यातायातको साधन नभएको १ वटा मोटर साईकल रहेको।
- नेपाल प्रहरी नायव निरीक्षकको नेतृत्वमा १७ जनाको सुरक्षा व्यवस्था रहेको ।
- सुरक्षा निकाय र कार्यालय बिच सुमधुर सम्वन्ध रहेको ।

## कारागार निरीक्षण गर्दा देखिएका समस्याहरुः-

- कारागारको क्षमता भन्दा बढी कैदीबन्दीहरु रहेको ।
- भवनहरु पुराना रहेका, भित्ता, छत, भुई, झ्याल, ढोका, जिर्ण तथा कमजोर रहेका ।
- कारागारमा कैदीबन्दीहरुलाई भेट्ने छुटै र व्यवस्थित कक्ष नरहेको ।
- ट्वाईलेट तथा बाथरुममा पानी को सहजता नभएको ।
- कारागारमा यातायातको साधनको अभाव रहेको ।
- टेलीफोन, पत्रपत्रिका, खेलकुदका सामाग्री आंशिक रहेको प्रयाप्त नरहेको ।
- कारागारमा कैदीबन्दी अनुसारको स्वास्थकर्मीको अभाव रहेको ।
- कैदीबन्दी लाई सिधै धाराबाट आएको खानेपानी उपलब्ध गराईएको ।
- कैदीबन्दी लाई समय सापेक्ष सिपमुलक तालिमको अभाव रहेको ।
- केदीबन्दीहरुलाई भुईमा सुत्ने गरेको खाट को व्यवस्था नभएको ।

- कैदीबन्दी गृहमा प्रयाप्त उज्यालो र हावा आगमन र खुला चौरको कमी रहेको ।

**निर्देशनः-**

१. कारागारको क्षमता अनुसारको मात्र कैदीबन्दी राख्नु पर्ने। क्षमता भन्दा बढी कैदीबन्दी राख्न नहुने ।

२. लमजुङ र मुस्ताङ्ग जिल्लाको कारागारहरुको भौतिक अवस्था जिर्ण रहेकोले तत्काल आवश्यक मर्मत तथा दीर्घकालिन रुपमा व्यवस्थित कारागार निर्माण गर्नुपर्ने ।

३. प्रदेश र जिल्ला मातहतमा रहने कारागारहरुको क्षेत्र वैज्ञानिक मापदण्ड अनुसारको हुनुपर्ने। जसले गर्दा कैदी बन्दीलाई खुला रुपमा बस्न सिपमुलक तथा अन्य आय आर्जनको कार्य गर्न गराउन सहज हुने ।

४. कैदीबन्दीहरुलाई कसुर अनुसार बर्गिकरण गरी फरक फरक स्थानमा राख्ने व्यवस्था मिलाउनु पर्ने ।

५. कैदीबन्दीहरुलाई नियमित रुपमा आफ्नो परिवार र समाजसँग भेटघाट गर्न उपयुक्त कक्षको व्यवस्थापन गर्नुपर्ने ।

## लमजुङ, गोरखा, म्याग्दी र मुस्ताङ जिल्लाको सरकारी कार्यालयको सेवा प्रवाह र कार्यक्रम कार्यान्वयन मा देखिएका समस्याहरुः-

**(क) म्याग्दी जिल्लाः-**

१. स्वास्थ्य कार्यालय म्याग्दीमा कार्यकक्ष तथा भौतिक पूर्वाधारको अभाव ।

२. म्याग्दी जिल्ला अस्पतालको भवन बन्न नसकेको हुँदा काम गर्न कठिनाई भएको ।

३. खानेपानी तथा सिञ्चाई कार्यालयमा जनशक्तिको अभाव, योजनामा न्यून रकम विनियोजन हुँदा कार्यसम्पादनमा कमजोरी भएको।

४. योजना बैंकमा भएका योजनामा मात्रै वजेट विनियोजन नभै अन्य थप योजनामा बजेट जाने गरेको ।

५. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको कार्यक्रम कटौती भै आएको।

६. सबै कार्यालयहरुमा कर्मचारीको अभाव रहेको ।

७. जिल्ला पशु सेवा कार्यालयमा प्राविधिक कर्मचारीको दरवन्दी कटौती भएको ।

८. धेरै कार्यालयमा सवारी साधन नभएको गुनासो प्राप्त ।

९. जिल्ला प्रहरी कार्यालय अन्तर्गतका युनिटहरुको भवन निर्माण हुन नसकेको ।

१०. ईलाका प्रहरी र प्रहरी चौकीहरुमा यातायातको साधन नहुँदा काम गर्नमा कठिनाई रहेको ।

११. जिल्ला कारागारमा तोकिएको भन्दा कैदीबन्दी अत्याधिक संख्यामा राखिएका छन् ।

**(ख) मुस्ताङ जिल्लाः-**

१. प्रादेशिक खर्चको मापदण्डको कारणले सामाजिक विकास कार्यालय अन्तर्गतका विभिन्न शिर्षकहरुमा विनियोजित बजेटहरुको कार्यान्वयनमा समस्या ।

२. दक्ष जनशक्तिको अभाव, भौगोलिक विकटता र कार्यक्रमहरु दोहोरिने गरेको ।

३. जिल्लाभरिको उपभोग भएको जग्गामध्ये २% जग्गा मात्र नापी भएको हुँदा लालपुर्जा नभएको जग्गामा बजेट विनियोजन भएको योजनामा सरकारी संरचना बनाउन कठिन रहेको।

४. प्रादेशिक पशु अनुदान सम्बन्धी कार्यविधि संसोधन गरेर समूह भन्दा व्यक्तिगत पशुपालकहरुलाई सहुलियत प्रदान गर्ने ।

५. पशुचरन खर्कहरुमा खानेपानीको व्यवस्था मिलाउनुपर्ने, जुरो नभएको नेपालको लोपोन्मुख लुलु प्रजातीको गाईको संरक्षण गर्न मोडेल फर्मको स्थापना गर्ने ।

६. समग्र मुस्ताङ जिल्ला अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना भित्र पर्ने हुनाले नदीजन्य पदार्थ र उत्खनन ( दहत्तर बहत्तर) बन सम्बन्धी स्थानीय तहहरुसंग क्षेत्राधिकार सम्बन्धी विवाद रहेको साथै संरक्षणको नाममा मानव र बन्यजन्तु बिच द्वन्द सिर्जना भएको ।

७. उपल्लो मुस्ताङ प्रवेश शुल्क वापत लिइने प्रति व्यक्ति ५०० डलरबाट जम्मा भएको रकममा सोही क्षेत्रको विकास निर्माणमा लगाउनुपर्ने र सो क्षेत्र खुला गर्नुपर्ने र खुला गर्नु हुँदैन भन्ने मिश्रित सुझाव आएको ।

८. कर्मचारीको सरुवा सम्वन्धित मन्त्रालयले गर्नुपर्ने, मुख्यमन्त्री कार्यालयबाट सरुवा हुने हुँदा कार्यालयहरुमा कर्मचारी पठाउन समस्या भएको, सेवा सञ्चालन गर्ने मन्त्रालयले नै कर्मचारीको खटन पटन गर्नुपर्ने ।

९. सिमामा भन्सार कार्यालय, क्वारेन्टाइन, अध्यागमनको व्यवस्थापन, सुरक्षा निकाय कोरालाबाट १४ कि.मी. तल रहेको, यी विषयहरुको व्यवस्थापन गर्ने सम्बन्धमा संघीय सरकारलाई अनुरोध गर्ने । दरबन्दी कैदीबन्दी अनुसार नभएको, शल्यक्रिया सहितको प्रसूती सेवा सञ्चालनमा छैन।अस्पतालमा विशेषज्ञ डा. आउन नचाहने र मुस्ताङ अस्पतालमा जानको लागि हाल मुलबाटोको समस्या रहेको छ ।

१०. शितोष्ण बागवानी केन्द्रले ३८ जातका स्याउका जातहरु पहिचान गरि प्रदर्शन समेत गरेको पाईयो। यस सालको स्याउ बागवानी केन्द्र आफैंले खुद्रा बिक्री वितरण गरेको पाईयो। जसबाट २७ लाख रुपैयाँ आम्दानी गरेको छ।

११. मुक्तिनाथ विकास समितिको गठन धेरै अगाडि भएको, सि.डि.ओ. को अध्यक्षतामा कर्मचारी सहितको समिति बनेको तर अहिले सो समितिलाई कानूनका कारण बजेट निकालेर काम गर्न नसकिने अवस्था रहेको, समितिको खातामा धेरै रकम जम्मा भएको।

१२. चिनतर्फको कोराला बजारमा प्रवेश गर्न अनुमति प्राप्त जनताहरुले बिहान ९:०० बजे कोराला नाकामा छिर्नुपर्ने र दिउँसोको २:०० बजे पछि मात्र बाहिर निस्कन पाउँने हुँदा जनतालाई असुविधा रहेको ।

१३. एउटै ठाउँमा प्रसिद्ध धार्मिक तिर्थस्थल दामोदर कुण्डको समग्र विकासका लागि अधिकार सम्पन्न समिति बनाउनु पर्ने र दामोदर कुण्ड जाने तिर्थयात्रीहरुको सहजताको लागि सोही पदमार्गमा पर्ने ५,१०७ मी. को उचाइमा रहेको भर्सा खोलामा ४५० मिटर लामो झो.पु. राखिएमा यात्रा ४ घण्टाले छोटिने ।

## (ग) लमजुङ जिल्ला

१. आयोजना प्रमुखले भनेको कुरा ठेकेदारले मान्दैन । आयोजना प्रमुखको सिफारिसमा ढिलासुस्ति गर्ने पक्षलाई कारबाही हुने व्यवस्था हुन पर्यो ।

२. हस्पिटल तथा कृषि क्याम्पसमा विवाद आइरहने भएकोले शान्ति सुरक्षामा असर परेको।

३. दुई पिप्लेमा प्रहरी चौकी रहेको र चितिमा प्रहरी चौकीको व्यवस्था नभएकोले दुइ पिप्लेबाट नै त्यस क्षेत्रलाई हेर्नु पर्दा पूर्ण रूपमा शान्ति सुरक्षा पुऱ्याउन नसकिएको।

४. स्थानीय तहका न्यायिक समितिहरूले निर्णय प्रक्रिया समयमै टुङ्गो लगाउन नसक्नु र त्यसको अनुगमन नहुदा सक्रिय नरहेको । निष्पक्ष रूपमा न्याय सम्पादन हुन नसक्दा यसको भूमिका समुदाय स्तरमा निष्प्रभावि रहेको।

५. नदीजन्य पदार्थमा आधारित करिब १२ दर्जन क्रसर उद्योगहरू प्रक्रियागत ढङ्गबाट सञ्चालनमा नरहेका।

६. ठेकदारले समयमै काम गर्न नसकेको र समयमै काम सक्ने वातावरण निर्माण गर्ने वातावरण प्रदेश तहले निर्माण गर्नुपर्ने ।

७. नदीजन्य उद्योगबाट राज्यले फाइदा लिन नसकेको।

८. दिन प्रतिदिन नदी गहिरिएर जाने साविकका सिञ्चाई नहर कुलोको मुहानबाट पानी नचढने अवस्थाले कृषकहरूले नहर कुलोको क्षमता अनुसारको सिञ्चित भुभाग सम्म यथेष्ट पानी ल्याउन नसकिएको।

९. लिफ्टिङ्ग सिचाईका कार्यक्रम सञ्चालनको आवश्यक रहेको।

१०. बहुवर्षीय योजनामा ठेक्का भएको तर पैसा नभएको कारण पुरा हुन नसकेको।

## (घ) गोरखा जिल्ला

१. जिल्लाभरि खाद्यान्न पुर्याउन ठूलो क्षमताको गोदामको अभावले नसकिएको।

२. दुर्गम क्षेत्रमा डिपो अभाव भएकोले खाद्यान्न ढुवानीमा समस्या हरेको।

३. खाद्यबाट चामल मात्रै बेच्ने भएकोले यसको कार्य क्षेत्र विस्तारको माग।

४. गोर्खाको चुननुब्रीमा मात्रै डिपो रहेको अन्य स्थानमा डिपो नहुदा भने जति खाद्यान्न पुर्याउन नसकिएको।

५. खाद्यान्न स्टोरको समस्याले गर्दा सुविधाजनक स्टोर निर्माण हुनुपर्ने।

६. महत्वपूर्ण चाडपर्वहरूमा खसी बोकाहरू नेपाल चिन नाकाबाट आयत गर्न स्विकृतिका लागि सम्वन्धित निकायमा पहल गरिनुपर्ने।

७. अन्य प्रदेशको तुलनामा यस प्रदेशमा खाद्यसँग समन्वयको अभाव रहेको।

## निर्देशनः-

१. सरकारी कार्यालयहरुमा भौतिक संरचनाको / भवनहरुको अभाव रहेको जसको कारण सेवा प्रवाहमा कठिनाइ रहेको (जस्तैः- स्वास्थ कार्यालय म्याग्दी/ जिल्ला अपस्ताल म्याग्दी /कारागार कार्यालय म्याग्दी, मुस्ताङ, लमजुङ र गोरखा ) को तत्काल कार्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक प्रबन्ध गर्न प्रदेश सरकारलाई निर्देशन दिने ।

२. प्राय सबै कार्यालयमा कैदीबन्दी संरचना अनुसारको कर्मचारी नभएको, सम्बन्धित मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक समन्वय नगरी कर्मचारी सरुवा गर्ने हुँदा कार्यालयको कार्य सम्पादनमा असर पुग्ने गरेकोले कर्मचारी पदपूर्ति तथा सरुवामा सम्बन्धीत मन्त्रालयसँग आवश्यक समन्वय गरी कार्य सम्पादन गर्न प्रदेश सरकारलाई निर्देशन दिने ।

३. प्राविधिक जनशक्तिको अभावका कारण कार्य सम्पादनमा कठिनाई परेको (जस्तै- पूर्वाधार विकास कार्यालय/ खानेपानी तथा सिञ्चाई कार्यालय/ पशुसेवा कार्यालय, सामाजिक विकास र पर्यटन कार्यालयमा प्राविधिक जनशक्ति खटाउनको लागि प्रदेश सरकारलाई निर्देशन दिने ।

४. टुक्रे योजना र प्राविधिक जनशक्तिको अभावका कारण आयोजना कार्यान्वयनमा कठिनाइ परेको आयोजना बैंकमा भएका योजना मात्र छनोट गरी बजेट निर्माण गर्न प्रदेश सरकारलाई निर्देशन दिने ।

५. जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय र प्रहरी चौकीमा यातायातका साधनहरुको अभावका कारण कार्य सम्पादनमा अप्ठेरो परेको हुँदा सवारी साधन को व्यवस्थापनको लागि प्रदेश सरकारलाई निर्देशन दिने ।

६. मुस्ताङ्ग जिल्लाको कुल भुभाग मध्ये २ प्रतिशत जग्गा मात्र लालपुर्जा भएको बाँकी जग्गामा नापी नभएको बुझिएकोले लालपुर्जा नभएको जग्गामा योजनाका लागि बजेट विनियोजित भएको हुँदा सरकारी संरचना बनाउनको लागि कठिनाइ रहेकोले विकास योजनाहरु प्रभावित भएको (कृषि र पशुपालन) हुँदा त्यस्ता योजना निर्माण गर्दा आवश्यक ध्यान पुर्याउनको लागि प्रदेश सरकार मार्फत संघीय सरकारसंग समन्वय गर्नको लागि आवश्यक पहलकदमी गर्न प्रदेश सरकारलाई निर्देशन दिने ।

७. मुस्ताङ्गको सिमानाका कोरालामा क्वारेन्टाइनको कार्यालय नहुँदा पशु चौपाया ल्याउन लैजान कठिनाइ रहेकोले क्वारेन्टाइनको कार्यालय स्थापना गर्न आवश्यक पहलकदमीको लागि संघीय सरकारसँग सहजिकरण/समन्वय गर्न गण्डकी प्रदेश सरकारलाई निर्देशन दिने ।

८. मुस्ताङ्ग जिल्ला अस्पताल प्रवेश गर्ने मुख्य बाटोमा रहेको अवरोध हटाउन स्थानीय सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरी बाटो खुलाउनको लागि सम्बन्धित निकायलाई निर्देशन दिने ।

९. गण्डकी प्रदेशभित्र रहेका नेपालकै प्रसिद्ध धार्मिक स्थलहरुको रुपमा रहेको मुक्तिनाथ मन्दिरको संरक्षण, विकास र उचित व्यवस्थापनको लागि विद्यमान मुक्तिनाथ मन्दिर व्यवस्थापन समितिसँग आवश्यक सहकार्य गरी प्रदेश सरकारको समेत प्रभावकारी उपस्थिति र समन्वय स्थापित गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिन र त्यसैगरी

दामोदरकुण्ड क्षेत्र विकास समिति गठन गरी सामाजिक, धार्मिक, आर्थिक पक्षको संरक्षण र सम्वर्धनको लागि प्रदेश सरकारलाई निर्देशन दिने ।

१०. कालीगण्डकीको उपल्लो तटीय क्षेत्र लगायतका आसपासका क्षेत्रहरुको नदीजन्य पदार्थको ठूलो परिमाणमा गिटी बालुवा थुप्रिन गै बस्ती समेत जोखिममा परेको स्थितिलाई मध्यनजर गरी सोको व्यवस्थापनका लागि कानूनी एवम् व्यवस्थापकीय प्रवन्ध गर्न गण्डकी प्रदेश सरकारलाई निर्देशन दिने ।

११. प्रदेश सरकारबाट सञ्चालित कतिपय आयोजनाहरु निर्धारित समयमै सम्पन्न हुन नसकी अलपत्र अवस्थामा रहेको, निर्माण व्यवसायिले समयमै काम सम्पन्न गर्न नसकेको, कतिपय सम्पन्न भएका कामको भुक्तानी समेत नभएको जस्ता गुनासाहरु छलफलमा आएकोले यस्ता प्रकृतिका सम्स्याको समाधान गर्न आवश्यक पहलकदमी चाल्न सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन दिने ।

१२. महिला हिंसा, यौनजन्य हिंसा तथा बालबालिका हिंसा, जघन्य अपराध, घरेलु हिंसा, लागू औषध सेवन रोकथाम, गाँजाको प्रयोग सम्वन्धमा समुदाय स्तरमा सचेतना कार्यक्रमहरु सो क्षेत्र वा विषय हेर्न मिल्ने प्रदेश स्तरीय कार्यालयहरूबाट पनि सञ्चालन गरिनुपर्ने।

१३. गोरखाको चुमनुब्री लगायतका दुर्गम स्थानहरुमा खाद्य संस्थानको डिपो स्थापना गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।

१४. कृषि तथा पशुपालन क्षेत्रमा उपलब्ध गराइने अनुदानलाई वास्तविक किसानको हातमा पुग्ने गरी कार्यविधि निर्माण एवम् कार्यान्वन, कृषि उत्पादनमा न्यूनतम समर्थन मूल्यको नीतिगत व्यवस्थापन गर्ने, बजारको सहज पहुँच र बिचौलियाको प्रभाव न्यूनिकरण गर्न आवश्यक पहलकदमी गर्ने ।

१५. महत्वपूर्ण बहुवर्षीय योजनामा श्रोत सुनिश्चितता ढिला भएकोले समयमा श्रोत सुनिश्चितता हुनुपर्ने।

१६. पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण गर्नुपर्ने ।

**कोरला नाका**

**१. प्रस्तावना**

गण्डकी प्रदेश सभाको प्रदेश मामिला तथा कानून समितिले नेपालको उत्तरी सिमानामा अवस्थित कोरला नाकाको बर्तमान अवस्था, सम्भावना र चुनौतीहरुको स्थलगत अवलोकन एवम् अध्ययन गर्ने उदेश्यले भ्रमण सम्पन्न गरेको हो । यो भ्रमणले राष्ट्रिय हित प्रदेशको आर्थिक सम्वृद्धि तथा सिमावर्ती क्षेत्रको पूर्वाधार विकासका पक्षमा, निति निर्माणमा मार्ग दर्शन दिने अपेक्षा गरिएको छ ।

**<u>स्थलगत अध्ययन अवलोकन भ्रमणका अवसरमा देखिएका एवम् अनुभव गरिएका कोरला नाका र यससँग सम्बन्धित स्थानहरुको अवस्था, चुनौती र समस्याहरुः-</u>**

- गण्डकी प्रदेशको हिमाली जिल्ला मुस्ताङ्गको लोमान्थाङ गाउँपालिका (साविकको छोसेर र छोनुप गा.वि.स.)मा पर्ने कोरला नाका पुग्न प्रदेशको केन्द्र पोखरादेखि २७२ किलोमिटर दुरी पार गर्नुपर्दछ ।
- हालको अवस्थामा कोरला नाका आन्तरिक पर्यटनको रुपमा घुमघाम गर्ने स्थल, लोमान्थाङ र लो-घेकर दामोदर कुण्ड गाँउबासीले मिति २०८० कार्तिक २७ मा चिनियाँ प्रतिनिधी र नेपालका प्रतिनिधीको रोहोबरमा औपचारीक रुपमा नाका उद्घाटन गरी चीनको स्वशासित क्षेत्र तिब्बतको बजारमा गएर सुविधामा घरायासी सामग्रीहरु किन्ने देखि अन्य व्यापारिक/व्यावसायिक प्रयोजनका सामाग्रीहरु खरिद गरी उपयोग गर्न सकिएको।
- कोरला नाकालाई व्यापारिक र व्यावसायिक रुपमा उपयोग गर्न कोरला नाका क्षेत्रमा अध्यागमन भन्सार कार्यालय र आवश्यक सुरक्षा (प्रहरी, शशस्त्र प्रहरी र सेना) तथा बन्दोबस्ती (स्थानीय हावापानी अनुकुलका भौतिक संरचना) को स्थापना र निर्माण गर्नु ।
- कालीगण्डकी कोरिडोर आयोजनाको प्रभावित क्षेत्रमा नेपाल तथा भारतमा प्रसिद्धि कमाएको मुक्तिनाथ मन्दिर समेत पर्ने र सो मन्दिर क्षेत्र करिव ३८०० मिटर उचाईमा रहेकोले नेपालको तराई तथा विशाल जनघनत्वको देश भारतका धार्मिक पर्यटकहरुलाई लक्षित गरी मुक्तिनाथ मन्दिर क्षेत्रमा मौसम अनुकूलका सुविधा सम्पन्न होटल तथा सामुदायिक आरामगृहहरुको निर्माण गर्नुपर्ने साथै विज्ञ डाक्टरहरु र पर्याप्त औषधि/उपकरण सहित २४ सै घण्टा सेवा दिनेगरी आकस्मिक उद्दार कक्षको स्थापना गर्नुपर्ने ।
- उपल्लो मुस्ताङ्ग भनेर चिनिने लो-घेकर दामोदर कुण्ड र लोमन्थाङ गाउँपालिकाका नागरिकहरुलाई प्रदेश तथा स्थानीय सरकारको अनुभूति हुनेगरी सेवा प्रवाह हुने कार्यालयहरुमा खटिने सुरक्षाकर्मी, कर्मचारी तथा शिक्षकहरुको लागि हाल भईरहेको सुविधा भन्दा छुट्टै र विशेष प्रकारका सुविधाहरु प्रदान गरी कार्यक्षेत्रमा खटाउन र टिकाईरहन पर्ने।

- निर्माणाधिन तथा स्तरोन्नति भईरहेका पुष्पलाल (मध्यपहाडी) राजमार्ग र म्याग्दी बेनी देखि जोमसोम हुँदै कोरला सम्मको १८६ कि.मि. दुरीको कालीगण्डकी कोरीडोर (बेनी जोमसोम कोरला सडक) यी दुई सडकहरुले स्थानीय नागरिकहरुको घरवारी, खेतीयोग्य जमिन पुरिने, सामुदायिक, राष्ट्रिय तथा संरक्षित वन क्षेत्रमा भू-क्षय हुन गएको, कालिगण्डकी नदीमा बर्षातको समयमा अत्याधिक र अनियन्त्रीत भलबाढी हुनाले नदीको कटानका कारण नदीक्षेत्रका बस्तिहरु जोखिममा रहेका विशेष गरी मुस्ताङ् जिल्लाको सदरमुकाम जोमसोम र म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजार अति नै उच्च जोखिममा रहेकाले वातावरण तथा सदरमुकाम लगायतका बस्तीहरुको संरक्षण गर्नुपर्ने ।

- कालीगण्डकी कोरिडोर नवलपरासीको गैंडाकोट देखि शुरु हुँदै मुस्ताङ्गको कोरला (४,६५० मिटर) सम्म हुँदा उचाई एवम् जमिनको भूवनावटको हिसाबले धेरै नै विषमता भएकोले यसको दिगोपनामा (सामान्य मर्मत सम्भार खर्चमा) प्रशस्त चुनौतीहरु छन।

- कालीगण्डकी कोरिडोर सडक अन्नपूर्ण तथा धवलागिरी पदमार्गको बाटो हुँदै गएकोले पर्यटक र पर्यटन मैत्री बैकल्पिक पदमार्गहरुको तत्काले पहिचान गरी गराई निर्माण, विकास र विस्तार गर्नुपर्दछ ।
- मुस्ताङ्ग जिल्ला हिमाली तथा हिमाल पारिको जिल्ला भएको र उपल्लो मुस्ताङ्ग क्षेत्रमा लो-घेकर दामोदर कुण्ड एवम् लोमान्थाङ गाउँपालिका (साविकका घमी, चराङ् र सुर्खाङ् तथा लोमान्थाङ, च्छोनुप र च्छोसेर गा.वि.स.) हरु पर्ने, यो क्षेत्रको ३,५०० मिटर देखि ४,५०० मिटर सम्म मानव बस्ती भएको, ६ महिना हिउँ परिरहने भएकोले मंसिर देखि फाल्गुणसम्म यहाँका नागरिकहरु बसाइँ सरी वेनी, पोखरा तथा काठमाण्डौ जाने गर्दछन् ।यसो हुँदा यस क्षेत्रलाई विषम भौगोलिक क्षेत्रको रुपमा हेरी यस क्षेत्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी र शिक्षकहरुलाई प्रोत्साहित गर्न मौद्रिक, आर्थिक तथा वृति विकासका अतिरिक्त सुविधाहरु प्रदान गर्नुपर्ने ।
- कोरला नाकालाई व्यापारिक र व्यावसायिक रुपमा प्रयोग गर्न आवश्यक स्रोत साधन र जनशक्ति(कर्मचारी एवम् सुरक्षाकर्मी) सहितको व्यवस्थापन गरी सञ्चालनमा ल्याउनु पर्ने ।
- मुस्ताङ्ग जिल्ला क्षेत्रफलको हिसाबले ७७ जिल्ला मध्ये ५औं ठुलो जिल्ला भएपनि जनघनत्वको आधारमा दोस्रो सानो जिल्ला हो ।तसर्थ यहाँ मानव बस्ती विकासमा भन्दा हावापानी अनुसार हुने पशुपालन र कृषि खेतीको व्यावसायिकतामा जोड दिई उत्पादनमा उल्लेख्य वृद्धि गरी विविधिकरण गर्नुपर्ने देखिन्छ।

**<u>कोरला नाकाको स्थलगत अध्ययन अवलोकन भ्रमणपछि कोरला नाका र यससँग सम्बन्धित स्थानहरुको विकास र विस्तारमा समितिको तर्फवाट उपलब्ध गराईएका निश्कर्ष तथा सुझावहरु ।</u>**

गण्डकी प्रदेश सभा अन्तर्गतको प्रदेश मामिला तथा कानून समितिका माननीय सदस्यहरु र समितिमा आबद्ध प्रदेश सभा सचिवालयका कर्मचारीहरूको संयुक्त टोलीद्वारा मिति २०८१ कार्तिक ४ गते देखि १० गतेसम्म गरिएको कोरला नाका तथा सरकारी कार्यालयको सेवा प्रवाह र कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको स्थलगत अध्ययन अवलोकन भ्रमण पछि यो समिति गण्डकी प्रदेशको गौरवको रुपमा रहेको कोरला नाकालाई यथाशिघ्र विधिवत रुपमा सञ्चालनमा ल्याउन कोरला नाका क्षेत्रमा आवश्यक पर्ने भौतिक पूर्वाधारहरु निर्माण गर्न गण्डकी प्रदेश सरकारलाई निर्देशन गर्दछ साथै गण्डकी प्रदेश सरकारद्वारा तत्कालीन र दीर्घकालिन रुपमा

गर्नुपर्ने नीतिगत निर्णयहरुको लागि निम्नानुसारका निश्कर्ष र सुझाबहरु कार्यान्वयन गर्न निर्देशन गर्दछ ।

## तत्कालीन रुपमा गर्नुपर्ने नीतिगत निर्णयहरु

१.१ हाल पोखरा देखि कुष्मा, पर्वत वेनी, म्याग्दी तथा जोमसोम, मुस्ताङ्ग हुँदै लोमान्थाङ पुगेर कोरला नाका र मुक्तिनाथ मन्दिरसम्म जान सकिने अवस्था रहेकोले अनुकुल समयमा आन्तरिक तथा बाह्य पर्यटकहरु नियमित रुपमा लोमन्थाङ हुँदै कोरला सम्म जिप भ्यान प्रयोग गरी नियमित रुपमा  घुम्न जान सक्ने व्यवस्थाका लागि निर्माणाधिन सडकमा आवागमनमा बाधा नहुने व्यवस्था गर्नुपर्दछ। यस रुटमा पर्यटकहरुको उद्दार र सुरक्षाको लागि मौजुदा सुरक्षा प्रणाली र सुरक्षा जनशक्तिको संख्यात्मक बृद्धि र गुणात्मक विकास गर्नुपर्ने ।

१.२ जोमसोम देखि कागवेनी मुक्तिनाथ र कागवेनी छुसाङ्ग लोमन्थाङ्सम्म पैदलमार्ग प्रयोग गरी घुम्न जाने पर्यटकहरुको लागि स्थानीय सरकारहरुसँगको समन्वय र सहकार्यमा पर्यावरण मैत्री, जोखिम रहित छोटा पदमार्गहरुको पहिचान गरी निर्माण, विकास र विस्तारमा ध्यान दिनु पर्दछ ।

१.३ निर्माणाधिन तथा स्तरोन्नति भईरहेका पुष्पलाल (मध्यपहाडी) राजमार्ग र म्याग्दी बेनी देखि जोमसोम हुँदै कोरला सम्मको १८६ कि.मि. दुरीको कालीगण्डकी कोरीडोर (बेनी जोमसोम कोरला सडक) यी दुई सडकहरुको समयमै निर्माण सम्पन्न गर्न संघीय सरकारसँग समन्वय गरि नियमित अनुगमन र मूल्याङ्कन गर्नुपर्दछ ।

१.४ निर्माणाधिन तथा स्तरोन्नती भईरहेका पुष्पलाल (मध्यपहाडी) राजमार्ग र म्याग्दी बेनीदेखि जोमसोम हुँदै कोरला सम्मको १८६ कि.मि. दुरीको कालीगण्डकी कोरीडोर (बेनी जोमसोम कोरला सडक)को निर्माण सँगै स्थानीय नागरिकहरुको घरवारी/खेतीयोग्य जमिन पुरिने, सामुदायिक, राष्ट्रिय तथा संरक्षित वन क्षेत्रमा भू-क्षय हुन जाने, कालीगण्डकी नदीमा बर्षातको समयमा अत्याधिक र अनियन्त्रित भलबाढी हुनाले नदीको कटानका कारण नदी क्षेत्रका बस्तिहरु जोखिममा रहेका बिशेष गरी मुस्ताङ् जिल्लाको सदरमुकाम जोमसोम र म्याग्दी जिल्लाको सदरमुकाम वेनी बजार अति नै उच्च जोखिममा रहेकाले वातावरण तथा सदरमुकाम लगायतका बस्तीहरुको संरक्षण गर्नुपर्ने । निकट बर्षायाममा हुनसक्ने प्राकृतिक प्रकोपवाट हुन जाने मानविय तथा भौतक क्षति समेत हुन नदीन उच्च सुरक्षा सतर्कता कायम गर्नु पर्दछ । साथै छोटो समयमा गर्न सकिने अल्पकालिन भू-क्षय रोकथामका उपायहरु अवलम्बन गर्न स्थानीय सरकारहरुलाई प्राविधिक र आर्थिक सहयोग गरिनु पर्दछ ।

१.५ कोरला नाकामा  अन्तराष्ट्रिय पोट्रोकल अनुसार अध्यागमन कार्यालय, भन्सार कार्यालय तथा सुरक्षा व्यवस्थालाई स्तरोन्नति गर्नुपर्दछ।उपल्लो मुस्ताङ्ग क्षेत्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी

तथा शिक्षकहरुलाई संघीय सरकारद्वारा नीतिगत निर्णय नहुँदासम्म प्रदेश सरकारको बजेटबाट भए पनि मौद्रिक तथा आर्थिक र विमा योजना सहितको सेवा सुरक्षाका कार्यक्रमहरु लागु गर्नु पर्दछ ।

१.६ धार्मिक पर्यटकको बढ्दो चापलाई मध्यनजर गरी सोही अनुसारको भौतिक संरचनाको निर्माण तथा वातावरणिय संरक्षणको सबाललाई प्राथमिकतामा राखी विकास निर्माणका योजनाहरु कार्यान्वयन गर्ने ।

१.७ नागरिकहरुले पाउने सामाजिक क्षेत्रका सेवाहरु मध्ये स्वास्थ्य सेवा पाउनु नागरिकहरुको संवैधानिक मौलिक हक हो । हिमाली तथा अति भौगोलिक विषमतायुक्त मुस्ताङ्ग जिल्लाको सदरमुकाम र विशेष गरी उपल्लो मुस्ताङ्ग क्षेत्रका नागरिकहरुको लागि भौगोलिक स्थान र हावापानी अनुकूलका भौतिक संरचनायुक्त स्वास्थ्य संस्थाहरुको स्थापना भई सेवा प्रवाह नहुँदासम्म मौसम अनुसार विशेषज्ञ स्वास्थ्यकर्मीहरु सहितको निःशुल्क स्वास्थ्य शिविर नियमित रुपमा गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले गरिरहनु पर्दछ ।

## २. दीर्घकालिन रुपमा गर्नुपर्ने नीतिगत निर्णयहरु

२.१ भारत र चीन नेपालको दुई ठुला छिमेकी देशहरु हुन् । गण्डकी प्रदेशका गोरखा, मनाङ्ग र मुस्ताङ्ग जिल्लाहरुको उत्तरी सिमाना छिमेकी देश चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएका र तिब्बततर्फ जान यी जिल्लाहरुमा बिभिन्न नाकाहरु रहेका छन् । कोरला नाका र नवलपरासी जिल्लाको त्रिवेणी नाकासम्मको छोटो दुरीवाट गण्डकी प्रदेश सरकारले दुबै छिमेकी देशहरुसँग व्यापार व्यवसाय अभिबृद्धि गरी प्रदेशको विकासमा गुणात्मकता हासिल गर्न सक्दछ । हाम्रा दुबै छिमेकी देशहरुको जनसंख्या अरवौं भएकोले लाखौंको संख्यामा धार्मिक पर्यटकहरु भित्र्याउन हाम्रो प्रदेशमा रहेका मुक्तिनाथ, दामोदर कुण्ड, गलेश्वर, देवघाट, त्रिवेणी क्षेत्र तथा भगवान गौतम बुद्धको जन्मस्थल लुम्विनी क्षेत्रको विकास, विस्तार प्रवर्द्धनमा संघीय सरकारसँग दृढतापूर्वक आफ्ना निर्णयहरु पेश गर्नुपर्दछ ।

२.२ नेपालका निमित्त रणनीतिक महत्त्वको नाकाको रुपमा रहेको कोरलामा अत्याधुनिक अध्यागमन र मैत्री भन्सार कार्यालयका लागि आवश्यक भौतिक संरचना र प्रशासनिक प्रबन्ध हुन जरुरी छ । मित्रराष्ट्र चीनतर्फ यस्ता प्रकृतिका संरचनाहरु बनी सञ्चालनमा आइसकेकोले नेपालले पनि उच्च प्राथमिकतामा राख्न आवश्यक छ । यी विषयमा आवश्यक पहलकदमी लिन संघीय सरकारसँग जोडदार माग गर्न प्रदेश सरकारलाई निर्देशन दिने ।

२.३ त्रिवेणी (भैंसालोटन) र कोरला नाकासम्मको राजमार्गलाई उच्च प्राथमिकता दिई एसियाली मापदण्ड अनुसारको बनाईदिई निर्माण सम्पन्न गरिदिन संघीय सरकारसँग नियमित समन्वय गरिरहनु पर्दछ । साथै भैरहवा सुनौली नाका हुँदै लुम्बिनीसम्म पनि एसियाली मापदण्डको राजमार्ग निर्माणका लागि संघीय सरकारसँग निर्णय सहित अनुरोध गर्नुपर्दछ ।

२.४ त्रिवेणी (भैंसालोटन) र कोरला नाकासम्मको राजमार्ग, लुम्बिनी तर्फको राजमार्ग र पुष्पलाल (मध्यपहाडी) राजमार्ग निर्माण सम्पन्न भएपछि यस क्षेत्रको भौगोलिक अवस्था अनुसार यी राजमार्गहरुमा आवागमन सुचारु भईरहन विभिन्न स्थानमा सडक कार्यालयहरु स्थापना गरी सोहि अनुसार संयुक्त सुरक्षा व्यवस्थाको (प्राकृतिक प्रकोप समेतलाई आकलन गरी) लागि संघीय सरकारसँग अनुरोध गर्नुपर्दछ ।

२.५ कोरला नाकाको स्थलगत अध्ययन अवलोकन भ्रमण हाल निर्माणाधिन पुष्पलाल (मध्यपहाडी) राजमार्गको कास्की र पर्वत खण्ड तथा कालीगण्डकी कोरीडोर सडकको वेनी जोमसोम कोरला खण्डको वाटो हुँदै भ्रमण गरिएको थियो । निर्म ाणाधिन बाटो तथा यहाँको भौगोलिक बनावट र अवस्था अनुसार कालिगण्डकी नदी क्षेत्रका बस्तिहरु उच्च जोखिममा रहेकोले प्राकृतिक प्रकोपका कारण अकल्पनिय रुपमा मानविय तथा भौतिक संरचनाहरुको क्षति हुन नद िन यी निर्माणाधिन राजमार्गहरुमा वायो ईन्जिनियरिङ्ग प्रविधि अपनाई भू-क्षय रोकथाम र नियन्त्रण गर्न प्रदेश सरकारले यस अवस्थामा संघीय सरकारको सहयोगको लागि समेत अनुरोध गर्नुपर्दछ ।

२.६ मुक्तिनाथ मन्दिर क्षेत्र धार्मिक पर्यटन तथा मनाङ्ग जिल्लाको थोर ाङ्गपास पार गरि आउने जाने पर्यटकहरुको गन्तव्य स्थल समेत भएकोले पर्यटकहरुको उद्दार र उपचारको लागि मुक् तिनाथ मन्दिर क्षेत्र तथा जोमसोम बजारमा पर्यटक मैत्री विज्ञ डाक्टर, हाइ अल्टिच्यूडका उपकरण र औषधि सहितको अस्पताल र सूचना सेवा केन्द्र स्थापनाका लागि प्रदेश सरकारले आर्थिक बर्षमा बजेट विनियोजन गर्नुपर्ने र संघीय सरकारसँग सहयोगको लागि समेत अनुरोध गर्नुपर्दछ ।

२.७ उपल्लो मुस्ताङ्ग क्षेत्रका नागरिकहरुको लागि संविधान प्रदत्त शिक्षा, स्थानीय भाषा तथा लिपिलाई औपचारिक भाषामा समावेश गर्ने, स्वास्थ्य, शान्ति सुरक्षा आदि सेवाको प्रत्याभूति हुनेगरी हरेक बस्तिमा स्थानीय जलवायु अनुकूलका भौतिक संरचनाको निर्माण गरि विशेष सेवा सुविधा दिई व्यवस्थापनमा गुरुयोजना तयार गरी कार्यान्वयन गर्न प्रदेश सरकारले नै यथाशिघ्र बजेट व्यवस्थापन गर्नुपर्छ ।

२.८ प्रदेशको सामाजिक विकास मन्त्रालयले उपल्लो मुस्ताङ्ग क्षेत्रका नागरिकहरु विशेष गरी प्रजनन् उमेरका महिला, गर्भवति, सुत्केरी र स्तनपान गराउने आमाहरु एवम् प्राथमिक विद्यालयका विद्यार्थीहरुको लागि वृहत् प्याकेज सहितको कार्यक्रमहरु सञ्चालनमा

प्राथमिकता दिनुपर्दछ । साथै उपल्लो मुस्ताङ्ग क्षेत्रका दुई गाउँपालिकामा सुविधा सम्पन्न छात्रावास सहितको माध्यमिक विद्यालयको सञ्चालन/व्यवस्थापन समेत गर्नुपर्दछ ।

२.९ मुस्ताङ्ग जिल्लाभर स्थानीय रुपमा उत्पादन हुने अन्नपातको मौलिक प्रयोग नहुने र पर्यटकहरुवाट आर्जन गरिएको मुद्रा आयातित खाद्य पदार्थहरुको प्रयोगको लागि खर्च भएकोले स्थानीय अन्नवालिहरुको उत्पादकत्व वृद्धिका कार्यक्रम र स्थानीय उत्पादनको प्रयोगमा नागरिकहरुलाई अभिप्रेरित गर्न प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरुले कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

२.१० मुस्ताङ्ग जिल्लाभर भेडा, च्याङ्ग्रा, लुलुगाई र चौंरीहरुको स्थानीय नश्ल सुधारका कार्यक्रमलाई पाईलट प्रोजेक्टका रुपमा प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कार्यान्वयन, गर्नुपर्दछ ।

२.११ उपल्लो मुस्ताङ्ग क्षेत्रमा रहेका पुरातात्विक, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु जस्तै मुस्ताङ्गे राजाको दरवार र दरवार परिसरमा रहेका गुम्वाहरु, झ्याम्फा गुम्वा, डुप्चेन गुम्वा, चराङ् गुम्वा, कूछपतेङ्ना गुम्वा, गुरुसाङ्बु लगायत ठाऊँ ठाऊँमा रहेका छोर्तेनहरुको संरक्षण र संबर्द्धनमा प्रदेश सरकारले कार्यक्रम बनाई लागू गर्नुपर्दछ । साथै हरेक बस्तीक्षेत्रमा रहेका मौलिक संस्कृतीहरुको प्रवर्द्धनमा समेत बजेट विनियोजन गर्नु पर्दछ ।

# अनुसूची -४

# लोक सेवा आयोग गण्डकी प्रदेशको वार्षिक प्रतिवेदन

## १.पृष्ठभूमि

गण्डकी प्रदेश सभा नियमावलि २०८० को नियम १५३ अनुसार गण्डकी प्रदेश सभामा ४ विषयगत समितिहरु रहेका छन् । जस मध्ये प्रदेश मामिला तथा कानून समितिको कार्य क्षेत्र अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोक सेवा आयोग ,मुख्य न्यायाधिवक्ताको कार्यालय, आन्तरिक मामिला, कानून तथा न्याय, सुशासन, मानव अधिकार, अन्तर प्रदेश एवं स्थानीय तहसँगको अन्तर सम्बन्ध, आमसञ्चार सम्बन्धी बिषय र सम्बद्ध विषय तथा निकायको कार्य क्षेत्र रहेको छ ।सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा सभाको सहमति लिई नियमावलिको १५३ बमोजिम गठित समितिमा पदेन सदस्य सहित बढिमा १५ जनासदस्य मनोनयन गर्ने व्यवस्था अनुसार प्रदेश मामिला तथा कानून समितिमा पदेन सदस्य सहित १३ जना माननीय सदस्यहरु रहनु भएको छ ।

## २. प्रदेश लोक सेवा आयोगको गठन र उद्देश्य

नेपालको संबिधानको धारा २४४ को उपधारा (१) मा भएको व्यवस्था अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने छन् । गण्डकी प्रदेशमा प्रदेश सभाबाट प्रदेश लोक सेवा आयोग ऐन २०७६ पारित भै कार्यान्वयनमा रहेको छ ।आयोगमा अध्यक्ष सहित बढीमा ३ जना सदस्यहरु रहने व्यवस्था समेत रहेको छ । प्रदेश निजामती सेवा, प्रदेश प्रहरी, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा योग्यता स्वच्छता, निश्पक्षता, समान अवसर, समावेशिता र गोपनियता कायम गरी योग्यता प्रणालीलाई प्रबर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम सुदृढ र सेवामुखी बनाउने प्रदेश लोक सेवा आयोगको प्रमुख उदेश्य रहेको छ ।

### ३. आयोगका प्रमुख कार्यहरु :

आयोगले प्रदेश तथा स्थानीय तहमा रिक्त हुन आएका विभिन्न सेवा समुह, उपसमुहका विभिन्न पदहरुमा पदपूर्तिको लागि देहाय बमोजिमको कार्य गर्दछ।

- पाठ्यक्रम तर्जुमा गर्ने,
- शैक्षिक योग्यताको निर्धारण गर्ने ,
- पदपूर्तिको लागि बिज्ञापन गर्ने,
- प्रश्नपत्रको तयारी गर्ने,
- परीक्षा सञ्चालन गर्ने, परीक्षाको नतिजा प्रकाशित गर्ने,
- अन्तरवार्ता तथा सिफारिस गर्ने,
- अध्यन अनुसन्धान तथा अन्वेषण गर्ने,
- परामर्श, सुझाव, समन्वय र सहयोग प्रदान गर्ने,
- निरीक्षण तथा अनुगमन गर्ने ,
- वार्षिक प्रतिवेदन पेश गर्ने,

### ४. वार्षिक प्रतिवेदन पेश र छलफल

प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ५० मा गरेको व्यवस्था बमोजिम आयोगले गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन आ. व. समाप्त भएको सामान्यता साठी दिन भित्र प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्दछ । प्रदेश प्रमुख समक्ष पेश भएको वार्षिक प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश गर्नु पर्दछ ।

| क्र. स | आ. व. | गण्डकी प्रदेश सभा सचिवालयमा दर्ता | प्रदेश सभामा पेश | समितिमा दफावार छलफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८०/८१ | २०८१/१०/२० | २०८१/११/०२ | २०८१/१२/१९ गते<br>२०८१/१२/२७ गते | २०८१/१२/२७ मा आयोगका अध्यक्ष र सचिव समेतको उपस्थितिमा दफावार छलफल गरिएको । |

## ५. समितिमा भएको छलफलका मुख्य निष्कर्ष

- संघीय शासन प्रणालीको मूल मर्मलाई संस्थागत गर्ने सन्दर्भमा नेपालको संविधानको धारा २४४ ले गरेको परिकल्पना अनुसार गण्डकी प्रदेश सभाबाट प्रदेश लोक सेवा ऐन २०७६ पारित भइ गठन भएको प्रदेश लोकसेवा आयोगले आफ्नो मूल उद्देश्य अनुरुप कार्य सम्पादनमा देखाएको अथक प्रयत्नका प्रति समिति धन्यवाद प्रकट गर्दछ ।
- चौथो वार्षिक प्रतिवेदन ०८०/०८१ सम्म प्रस्तुत गर्ने समय सम्म आइपुग्दा आयोगको तर्फबाट भएका कार्य सम्पादन, गण्डकी प्रदेशको विशिष्टता, आवश्यकता र महत्त्व अन्य प्रदेशसँगको तुलनात्मक अध्ययन तथा विश्लेषण गर्दा हासिल भएको प्रगतिप्रति पनि समिति आयोगप्रति धन्यवाद प्रकट गर्दछ ।
- लोक सेवा आयोग आम जनताको नजरमा समेत निष्पक्षता प्रभावकारी रुपमा उत्कृष्ट जनशक्ति छनौट गर्ने आशाको पुञ्जको रुपमा रहेको छ । यो मानकलाई थप सुदृढ गर्न गण्डकी प्रदेशमा आयोगको पाठ्यक्रम निर्माण तथा परिमार्जन र परीक्षण प्रविधिमा विशेषज्ञ सेवाको प्रयोग महत्त्वपूर्ण त हुन्छ नै सँगैमा नयाँ पुस्ताको आकर्षण सरकारी सेवामा बढाउन र  जनशक्ति छनौट तथा व्यवस्थापन सम्बन्धी विश्व बजारमा अभ्यास भइ आएका उपागमनहरुको खोजी र प्रयोगतर्फ पनि आयोग अघि बढ्नु बाञ्छनीय देखिन्छ ।
- समयमै माग सङ्कलन, विज्ञापन, दरखास्त, परीक्षा सञ्चालनदेखि नतिजा प्रकाशन  र सिफारिस सम्मको चक्रलाई व्यवस्थित र समयवद्ध बनाउन आयोगले गरेको अभ्यास प्रशंसनीय नै छ । साथै यसको अझ प्रभावकारिता बढाउन माग सङ्कलनदेखि नै अन्य सरोकारवाला कार्यालयलाई जिम्मेवार बनाउन आवश्यक देखिन्छ ।
- साङ्गठनिक सुधार र नवप्रवर्तनको अभिलाशा सहित आयोगले निर्माण गरेको रणनीतिक योजना  २०८१/०८२ देखि  २०८५/०८६ ले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रदेश लोक सेवा आयोगहरुको राष्ट्रिय सम्मेलन मार्फत् गरिएको अनुभव आदान प्रदान तथा असल अभ्यास अवलम्वनको प्रयासले प्रभावकारी रुपमा कार्यान्वयन गर्दा आयोगको संस्थागत सबलिकिरणमा योगदान पुग्ने देखिन्छ ।

## ६. समस्या

- प्रदेश र स्थानीय तहमा आयोगबाट  सिफारिर भै नियुक्ति भएका कर्मचारीहरुको वैयक्तिक बिबरण (सिटरोल) पनि दर्ता भै नसकेको, परीक्षण काल समेत ब्यतीत नभएको अवस्थामा  सहमति दिने तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले  सरुवा

गरिदिने गरेको बुझिन्छ । यसबाट एकातिर कर्मचारीको कमी भै सेवा प्रवाहमा असर परेको देखिन्छ भने अर्कोतिर सिटरोल दर्ता नहुँदा ती कर्मचारीको अभिलेख व्यवस्थापनमा समेत असर परेको देखिएको छ ।

- प्रदेश सरकार र स्थानीय तहबाट माग भइ आयोगबाट विज्ञापन भएका पदमा समेत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा तथा समायोजन संसोधन गरी कर्मचारी पठाउने कार्य नरोक्दा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका उमेदवारहरुले नियुक्ति प्राप्त गर्न कठिनाई भएको ।
- प्रदेश र स्थानीय तहमा कर्मचारीको कमी छ तर रिक्त रहेका पदमा माग नपठाउने प्रबृति छ । रिक्त पदमा माग नपठाई करार सेवाबाट कर्मचारीको भर्ना गर्ने गरिएको छ । यसबाट योग्यता प्रणालीको संरक्षण एवं समावेशिता सुनिश्चित गर्ने आयोगको दायित्व निर्वाह गर्न समेत बाधा पुगेको छ ।
- कतिपय स्थानीय तहले अन्य प्रदेशबाट कामकाजमा आएका कर्मचारीको समेत तहबृद्धि / तह कायम गरेको देखिन्छ । यसबाट प्रदेश भित्रका कर्मचारीको बृति विकासमा अवरोध तथा ऐनको परिपालनामा समेत चुनौती खडा भएको छ ।

**७.सुझावः**

- प्रदेश र स्थानीय तहको संगठन व्यवस्थापन तथा सर्वेक्षण गरी दीर्घकालिन कार्य सञ्चालनमा अबरोध नपुग्ने गरी दरबन्दी पुनरावलोकन गर्ने ।
- सरुवा कार्यविधि, नेतृत्व, मूल्याङ्कन तथा व्यवस्थापन, गुनासो व्यवस्थापन, कर्मचारीको कल्याण कोष सञ्चालन लगायतका विषयमा अविलम्ब कार्यविधि तयार गर्ने ।

**८. निर्देशनः-**

- संघीय संसदमा प्रस्तुत भएको निजामति सेवा ऐनमा संविधानको भावाना र मर्म अनुरुप प्रदेशको प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघीय निजामती सेवाबाट पठाउने व्यवस्था नराखी गण्डकी प्रदेश निजामति सेवा ऐन,२०७९ बमोजिम प्रदेश निजामती सेवाबाट प्रदेशको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था कार्यान्वयनको लागि संघीय सरकारसँग समन्वय गर्न गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।
- संघ प्रदेश र स्थानीय सेवामा कार्यरत कर्मचारीको तोकिएको प्रक्रियाद्धारा चाहेको तहको सेवामा जान सक्ने अवसर प्रदान गर्ने गरी व्यवस्था गर्नको लागि संघीय सरकार

सँग समन्वय गर्न गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।

- प्रदेश तथा स्थानीय तहमा नयाँ सिर्जना तथा परिमार्जन भएका पदहरुमा पद दर्ता गर्ने तथा आयोगबाट सिफारिस भएका कर्मचारीहरुको सिटरोल दर्ता गर्ने कार्य अगाडि बढेको र अभिलेख व्यवस्थापन गर्न प्रदेश निजामती किताबखानाको स्थापना भइसकेकोले त्यसलाइ अझ व्यवस्थित गर्नको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र निजामति किताबखानासँग समन्वय गर्न गण्डकी प्रदेश सरकार तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।
- लोकसेवा आयोगको गोपनियता, विश्वसनियताको अभिवृद्धि गर्नको लागि समेत आफ्नै भवन, प्रश्नपत्रको छपाइ तथा भण्डारण व्यवस्थापन, बढ्दो साइबर सुरक्षा प्रणालीको दृष्टिमा समेत विश्वसनियता र सुरक्षित प्रणाली सहितको भौतिक एवम् प्रशासनिक व्यवस्थापन हुनु जरुरी छ । सोको लागि आयोगले औंल्याए जस्तो आफ्नै भवन सहितको आवश्यक प्राज्ञिक एवम् प्रशासनिक भौतिक संरचनाको निर्माणको लागि आगामी आ.व. मा बजेट विनियोजनका लागि गण्डकी प्रदेश सरकारलाई निर्देशन दिने ।

**९. निष्कर्षः**

लोक सेवा आयोगले उम्मेदवार छनोट प्रक्रियामा योग्यता निश्पक्षता स्वच्छता विश्वसनियताको मूल मर्मप्रति सम्मान ब्यक्त गर्दै योग्यता प्रणालीको प्रबर्द्धक र संरक्षकको बोध गर्दै भर्ना र छनोट पद्धतिमा बिद्यमान सिद्धान्त मापदण्ड र मुल्य मान्यतालाई अक्षुण्ण राखी समायानुकुल सुधार गर्दै जानु पर्ने देखिन्छ । संविधान र कानूनको मर्म एवम् भावाना अनुसार समावेशी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कर्मचारीको बृति विकासको सुनिश्चित व्यवस्थापन र सार्वजनिक प्रशासनमा रहेको संक्रमणको अन्त गर्ने यथाशिघ्र संघीय निजामति सेवा ऐन जारी हुनुपर्ने देखिन्छ सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सेवामुखी र मर्यादित बनाउन निरन्तर लाग्नुपर्ने देखिन्छ । लोक सेवा आयोगले योग्यता प्रणालीलाई उत्कृष्ट केन्द्रको रुपमा कायम राखी कार्यान्वयन गर्दै जानुपर्दछ ।

# अनुसूचि-५

# गण्डकी प्रदेश सभा

# प्रदेश मामिला तथा कानून समिति

### मुख्य न्यायाधिवक्ताको कार्यालयको सम्बन्धमा समितिले तयार गरेको प्रतिवेदन

## १. पृष्ठभुमि

गण्डकी प्रदेश सभा नियमावली २०८०को नियम १५३ अनुसार गण्डकी प्रदेश सभामा ४ बिषयगत समितिहरु रहेका छन । जस मध्ये प्रदेश मामिला तथा कानून समितिको कार्य क्षेत्र अन्तरगत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय,आन्तरिक मामिला, कानून तथा न्याय,सुशासन,मानवअधिकार,अन्तर प्रदेश एवं स्थानिय तह सँगको अन्तर सम्बन्ध, आमसंचार सम्बन्धी बिषय र सम्बद्ध बिषय तथा निकाय कार्य क्षेत्र रहेको छ । सभामुखले कार्यब्यवस्था परामर्श समितिको परामर्शमा सभाको सहमति लिई नियमावलिको १५३ बमोजिम गठित समितिमा पदेन सदस्य सहित बढिमा १५ जनासदस्य मनोनयन गर्ने ब्यवस्था अनुसार प्रदेश मामिला तथा कानून समितिमा पदेन सदस्य सहित १३ जना माननीय सदस्यहरु रहनु भएको छ ।

## २. मुख्य न्यायाधिवक्ताको गठनः-

नेपालको संबिधानको धारा १६० मा मुख्य माहान्यायाधिवक्ताको ब्यवस्था गरेको छ । माहान्यायाधिवक्ताको मातहातमा रहने गरी प्रत्येक प्रदेशमा एक जना मुख्य माहान्यायाधिवक्ता रहनेछन । मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धि प्रदेशको मुख्य मन्त्रीको सिफारीसमा प्रदेश प्रमुखबाट हुनेछ । मुख्यमन्त्रीले चाहेको अबधि सम्म मुख्य न्यायाधिवक्ता आफ्नो पदमा बहाल रहनेछन । संबिधानमा भएको मुख्य न्यायाधिवक्ता सम्बन्धी ब्यवस्थालाई कार्यान्वयन गर्न संबिधानको धारा १६० को उपधारा ७ मा मुख्य न्यायाधिवक्ताको काम कर्तब्य अधिकार तथा सेवाका शर्त प्रदेश कानून बमोजिम हुने भएकोले गण्डकी प्रदेशको मुख्य न्यायाधिवक्ताको काम कर्तब्य अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन २०७५ गण्डकी प्रदेश सभाबाट पारीत भै लागू भएको छ ।

## ३. मुख्य न्यायाधिवक्ताको काम कर्तब्य अधिकारः-

- प्रदेश सरकार र मातहातका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसलाको कार्यान्वयनको अनुगमन गर्ने ।
- प्रदेशको कार्य क्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भईरहेको कानून संसोधन गर्नु परेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।
- प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी लिखतमा स्तर कायम गर्ने सहयोग गर्ने ।
- प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्धामा बहस पैरवी वा प्रतिरक्षाका लागी सम्बन्धित अधिकारीलेमुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ताले आफैले प्रतिनिधित्व गर्ने वा आफ्नो कार्यलयको कुनै अधिकृत लाई खटाउन सक्ने।
- प्रदेश भित्र रहेका हिरासत थुनुवा कक्ष तथा कागारमा रहेका थुनुवा तथा कैदी उपर मानवोचित ब्यवहार भए नभएको सम्बन्धमा निरीक्षण गरी सो को प्रतिवेदन तगार गरी सम्बन्धित निकायमा आवश्यक सुझाव प्रदान गर्ने ।
- कुनै न्यायिक वा अर्ध न्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश बिरुद्ध मुद्धा दायर गर्नु पुनरावेदन गर्न वा पुनराबेदनको लागी निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकीएको रहेनछ भने त्यस्तो निर्णय वा आदेश बिरुद्ध कानून बमोजिम सम्बन्धीत निकायमा मुद्धा दायर गर्ने पुनराबेदन गर्न वा पुनराबलोकन का लागी निबेदनदिन सक्ने ।
- मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो सभा वा समितिको वैठकमा उपस्थिति भई कानूनी प्रश्नको सम्बन्धमाराय ब्यक्त गर्न सक्ने

## ४. वार्षिक प्रतिवेदन

मुख्य न्यायाधिवक्ताको काम कर्तब्य अधिकार र सेवाका शर्त सम्बन्धी ऐन,२०७५ को दपा ११ को उफदफा (१) बमोजिम मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक बर्षमा आफ्नो कार्यालयले गरेको काम कारवाही को प्रतिबेदन तयार गरी आ ब समाप्त भएको ३ महिना भित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ । प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो बार्षिक प्रतिबेदन प्रदेश सभामा पेश गर्नु पर्दछ।

## ५. गण्डकी प्रदेश सभामा दर्ता/पेश र छलफल

| क्र. स. | आ. व | सचिवालयमा दर्ता | प्रदेश सभामा पेश | समितिमा दफावार छलफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७६/७७<br>२०७७/०७८<br>२०७८/०७९<br>२०७९/०८० | २०८०/०६/१० | २०८०/०६/११ | २०८१/०२/३२ र<br>२०८१/०३/०५ | मुख्य न्यायाधिवक्ता लाई बोलाई छलफल समेत गरीएको |

## ६. समस्या

- प्रदेशले निर्माण गरेका कानून कार्यान्वयनको अवस्था ,कानून कार्यान्वयनको सिलसिलामा पर्न आएको कठिनाई तथा निर्माण भएका कानूनको संसोधन गर्नु पर्ने भएमा सो को अध्यन गर्ने प्रभावकारी संयन्त्र नहुँदा कानून कार्यान्वयनको अबस्था जानकारी हुन नसकेको,
- कानुनी राय माग गर्दा अपनाउनु पर्ने पकृया पुरा नगरी मौखिक रुपमा राय माग्ने परीपाटीले कानूनी राय र अभिलेख प्रणाली ब्यवस्थापन गर्न कठिनाँई परेको ,
- प्रदेश सरकारका मन्त्रालय वा कार्यालय तथा अदालत बाट प्रस्तुत गरीने लिखित जवाफमा मुद्धा तथा रीट सँग सम्बन्धित प्रमाण कागजात संग्लन गरी पठाउने गरेको नपाईदा मुद्धाको बहस पैरवी र प्रतिरक्षामा कठिनाई परेको
- कार्यालयमा प्रस्ताव गरीएको दरबन्दी संख्या  कम भएकोले कार्य सम्पादनमा कठिनाई रहेको

## ७. सुझाव / निर्देशन

- नेपालको संबिधानले मुख्य न्यायाधिवक्तालाई माहान्यायाधिवक्ताको  मातहातमा राखेकोमा मुख्य न्यायाधिवक्ता र  माहान्यायाधिवक्ताको  कार्यालय एवं यस कार्यालयको उच्च तथा जिल्ला सरकारी वकिलको कार्यालयहरु सँगको सम्बन्धलाई प्रष्ट गरी समन्वय र सहकार्य गर्न को लागी  प्रदेश सरकार/मुख्यमन्त्री तथा मन्त्रीपरीषदको कार्यलय लाई निर्देशन दिने,
- प्रदेश सरकार र अन्तरगतका कार्यालयहरुले मुख्य न्यायाधिवक्ताको कार्यालयबाट कानूनी राय माग गर्दा कानूनले तोकेको प्रकृया पुर्याई संवैधानिक एवं कानूनी

बिषयमा राय माग गर्नु पर्ने अभ्यास बिकास गर्नको लागी प्रदेश सरकार/मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय लाई निर्देशन दिने।

- फौजदारी कसुर(सजाय निर्धारण तथा कार्यान्वयन)ऐन,२०७४ को दफा ३८ को उफदफा(२) मा प्रोवेसन तथा प्यारोल बोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य नयायाधिवक्ताको अध्यक्षतामा प्रदेश प्रोवेसन तथा प्यारोल बोर्ड गठन हुने ब्यवस्था भएकोले सो सम्बन्धी कार्यबिधि निर्धारण गरी बोर्डलाई पक्रिय बनाउनको लागी प्रदेश सरकार र मुख्य न्यायाधिवक्ता को कार्यालयलाई लागी निर्देशन दिने ।
- मुख्य न्यायाधिवक्ताको कार्यलयमा कार्यरत सरकारी वकिलहरुले सर्वोच्च अदालत,उच्च अदालत र जिल्ला अदालतमा मुख्यत रीट सम्बन्धी मुद्धाहरु हेर्नु पर्ने हुँदा संवैधानिक कानूनका बिषयमा क्षमता अभिबृदी जस्ता कार्यक्रम संचालन गर्नको लागी बजेट ब्यबस्था गर्न प्रदेश सरकार/ आर्थिक मामिला मन्त्रालय र मुख्य न्यायाधिवक्ता को कार्यालयलाई लागी निर्देशन दिने
- मुख्य न्यायाधिवक्तालाई संविधान र ऐन कानूनले दिएका जिम्मेवारी र कार्यभारका आधारमा मानव संसाधन योजना निर्माण गरी आवश्यकता अनुसार कर्मचारी दरबन्दी पुनरावलोकन गर्न प्रदेश सरकार र मुख्य न्यायाधिवक्ता को कार्यालयलाई लागी निर्देशन दिने ।

## ८. निष्कर्ष

मुख्य न्यायाधिवक्ताको कार्यालय कानूनत प्रदेश सरकार सँगसँगै माहान्यायाधिवक्ताको कार्यालको मातहतमा रहेको कार्यालय हो। कार्यालयले फौजदारी मुद्धामा अभियोजन गर्न सक्नेगरी कार्यबिधि गत ब्यबस्था हुदा त्यसको ओज र क्षमता बढोत्तरी हुने भएकोले त्यस तर्फ पनि सोच्नु जरुरी छ । आम मानिस हरु बाट कार्यालयले प्रदेश सरकारलाई कानूनी सल्लाहा दिँदा प्रदेशका बिभिन्न ठाँउमा सार्वजनिक जग्गा अतिक्रमण भैरहेकोले त्यसको संरक्षणमा ध्यान दिनु पर्ने ,सर्वोच्च अदालतको आदेश को समेत कार्यान्वयन तर्फ ध्यान दिनु पर्ने ,जनतालाई छिटो छरिटो सेवा दिनु पर्ने ,कानून निर्माण गर्दा गण्डकी प्रदेशको परीबेशलाई हेरेर बनाउनु पर्ने ,कानूनको मस्यौदामा कानुन ब्यवसायीहरुलाई सहभागी गराउनु पर्ने,गण्डकी प्रदेश सरकारको काम कर्तब्य स्पष्ट पार्नु पर्ने ,समग्र पदेश भित्रको शान्ती सुरक्षाको अवस्था चुस्तदुस्त हुनु पर्ने ,संबिधानत प्रदेश लाई उपलब्ध भएका अधिकार प्रयोग को सुनिश्चिता हुने गरी सल्लाहा दिनु पर्ने देखिन्छ ।

# अनुसूची ६

## प्रदेश मामिला तथा कानून समितिको काम कर्तव्य अधिकार

क. आफ्नो कार्यक्षेत्र भित्र पर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने,

ख. विधेयकको दफावार छलफल गर्ने क्रममा सो सँग सम्बन्धित सरोकारवाला वा विषय विज्ञसँग छलफल र अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने,

ग. प्रदेश भित्र शासन व्यवस्था, सुशासनको अवस्था, आमसञ्चार, मानव अधिकारको अवस्थाको बारेमा विभिन्न मन्त्रालय,आयोग र निकायलाई आवश्यक निर्देशन दिने,

घ. प्रदेश भित्र कानुन, न्याय, शान्ती सुरक्षा, सुव्यवस्था, प्रदेश निजामती सेवा, प्रदेश प्रहरी व्यवस्थापन, प्रदेश कानुन कार्यान्वयनको अवस्था र अन्तर प्रदेश तथा स्थानीय तहसगँको अन्तरसम्बन्ध बारेमा सम्बन्धित मन्त्रालय, निकाय वा आयोगसँग छलफल गरी आवश्यक राय परामर्श र निर्देशन दिने,

ङ. प्रदेश भित्र विपद व्यवस्थापनको लागि पूर्व तयारी र विपद भईसकेपछिको अवस्था बारेमा सम्बन्धित निकायसँग छलफल गरी आवश्यक निर्देशन दिने,

च. मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन तथा व्यवस्थापनको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

छ. मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वाशनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

ज. सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत प्रदेश सरकारले बनाउनु पर्ने नियम बनाएको छ वा छैन, बनाएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मुल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

झ. प्रदेश सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, प्रादेशिक आयोग तथा प्रतिष्ठानसगँ सम्बन्धित विषय र प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

ञ. मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

ट. समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने कानून कार्यान्वयनको अवस्था सम्बन्धमा कानून निर्माण भएको तीन वर्ष अवधी पुगेका कानूनको अध्ययन गरी राय सहितको प्रतिवेदन सभामा पेश गर्ने, यसरी समितिले कानून कार्यान्वयनको अध्ययन गर्दा आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय र अन्तर्गतका निकायबाट कानून कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन माग गर्ने,

ठ. कार्यक्षेत्र अन्तर्गतका संवैधानिक आयोगका काम कारबाहीको अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन दिने, वार्षिक प्रतिवेनमाथि छलफल गरी सुझाव दिने,

ड. समितिले सरोकारवाला व्यक्ति, संस्था र हित समूह आदिबाट प्राप्त उजूरी, निवेदन तथा गुनासा लगायत समितिको कार्यक्षेत्रमा पर्ने जन सरोकारका विषयमा छलफल गरी आव श्यक निर्देशन दिने, यसरी समितिले छलफल गर्दा आवश्यक ठानेमा निवेदक, उजूरीकर्ता र सूचकलाई बैठकमा आमन्त्रण गर्न सक्ने,

ढ. आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी पूरा गर्न आवश्यक कार्ययोजना र कार्यतालिका बनाई लागु गर्ने,

ण. समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

त. बैठकले सुम्पेको अन्य काम गर्ने

# अनुसुची ७

## समितिका पदाधिकारीहरु



माननीय चम्पादेवी खड्का, सभापति



मा. सुरेन्द्रराज पाण्डे (मुख्यमन्त्री/पदेन सदस्य)



मा. नन्दप्रसाद न्यौपाने



मा.गोविन्द बहादुर नेपाली



मा. कुसुस बुढा पुन



मा. देवका पाहारी त्रिपाठी



मा. विकल शेरचन



मा. भेष बहादुर पौडेल



मा. मित्रलाल बस्याल



मा. मुनिन्द्रजंग गुरुङ्ग



मा. यशोदा रिमाल



मा. रेखा गुरुङ



मा.रोशन बहादुर गाहा थापा

# अनुसुची ८

## २०८१।१२।२६ गते पुनर्गठित समितिका पदाधिकारीहरु



माननीय चम्पादेवी खड्का, सभापति



मा. सुरेन्द्रराज पाण्डे
(मुख्यमन्त्री/पदेन सदस्य)



मा. खगराज अधिकारी



मा. नन्दप्रसाद न्यौपाने



मा. कुसुस बुढा पुन



मा.देवका पाहारी त्रिपाठी



मा. डिल्लीराम सुवेदी



मा. विकल शेरचन



मा. मुनिन्द्रजंग गुरुङ्ग



मा.यशोदा रिमाल



मा. राजकुमारी भूजेल



मा. रेखा गुरुङ



मा.रोशन बहादुर गाहा थापा

# अनुसुची - ९

## समितिका कर्मचारीहरु



हरिराज पोखरेल
पदेन सचिव/प्रदेश सभा सचिव



कमला पौडेल
समिति सचिव



आयूस्मा अधिकारी
कानून अधिकृत



झनक राज अधिकारी
अधिकृत छैठौं



गीता दवाडी
माईक संचालक



सुर्यबहादुर के.सी.
सहयोगी कर्मचारी

# अनुसुची- १०

## समितिको बैठक तथा अनुगमन कार्यक्रमहरुको केही झलकहरु




माननीय मुख्यमन्त्री र सभापति समितिको बैठकमा






समितिको बैठकमा माननीयहरु, मुख्य न्यायाधिवक्ता र  कर्मचारीहरु





अनुगमनको क्रममा लमजुङ जिल्ला प्रशासन कार्यालयमा छलफल र सामुहिक फोटो सेसन





समितिको बैठकमा माननीय सदस्यहरु






कारागार कार्यालय मुस्ताङको अनुगमन गर्दै माननीय तथा कर्मचारीहरु





म्याग्दी जिल्ला प्रशासन कार्यालयमा सेवा प्रवाहको स्थितिबारे अन्तरक्रिया कार्यक्रममा





अन्तरक्रिया कार्यक्रम मुस्ताङमा





लोमान्थाङ दरबार तथा कोरला नाकामा सामूहिक तस्विर






अनुगमन र छलफल पछिको सामुहिक तस्वीर मुस्ताङ्ग जिल्ला प्रशासन र म्याग्दी कारागार






लोक सेवा आयोगको वार्षिक प्रतिवेदनका सम्बन्धमा छलफल





समितिको बैठकमा छलफल गर्दै

